नेपाली राष्ट्रिय दैनिक
# हिमालय टाइम्स
www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times
वर्ष ३१, अंक ८४ काठमाडौं | २०८२ चैत ५ बिहीबार | चैत्र कृष्णपक्ष औंशी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Thursday 19 March 2026 | पृष्ठ ८+२ | मूल्य रु ५।-

● रविको शान्त र संयमित सम्बोधन

## जनादेशअनुसार जिम्मेवार बन्न सांसदहरूलाई निर्देशन



नवनिर्वाचित सांसदहरूका लागि ललितपुरमा आयोजना गरेको अभिमुखीकरण कार्यक्रमलाई बुधबार सम्बोधन गर्नुहुँदै रास्वपाका सभापति रवि लामिछाने ।

**डिबी शर्मा/हिटा**

काठमाडौं, ४ चैत

आम चुनावअघि आक्रामक र उत्तेजक अभिव्यक्तिका लागि चिनिनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने झण्डै दुईतिहाइ नजिकको जनमतपछि भने सन्तुलित सुनिनुभएको छ। ललितपुरको ग्वार्कोस्थित एक होटेलमा आयोजित नवनिर्वाचित सांसदहरूको अभिमुखीकरण समापनमा उहाँ आफ्नो पुरानो शैलीविपरीत शान्त, संयमित र जिम्मेवार देखिनुभएको हो। पार्टीका सांसदलाई निर्देशनसहित सुझाव-सल्लाह र चेतावनीसमेत दिनुभएका लामिछानेले पुराना दलहरूको योगदानलाई स्मरण मात्रै गर्नुभएन, टकरावभन्दा सहअस्तित्व स्वीकार गर्ने स्पष्ट संकेत गर्नुभयो।

» पृष्ठ २ मा क्रमशः

### ■ 'पुरानालाई जनताले ३५ वर्ष कुरे, हामीलाई ३५ दिन पनि नकुर्न सक्छन्'

रास्वपा सभापति रवि लामिछानेले जनताले यसपटक विवेकपूर्ण मतदान गरेको बताउनुभएको छ। जनताले ठूलो जिम्मेवारी दिएको भन्दै अब त्यो पूरा गर्नुपर्ने उहाँले बताउनुभयो। जनताले पुराना दललाई ३५ वर्ष कुरे पनि अब आफूहरूलाई ३५ दिन पनि नकुर्ने उहाँको भनाइ थियो।

» पृष्ठ २ मा क्रमशः

### ■ बिचौलियाको बिगबिगीबाट बच्न आग्रह

रास्वपा सभापति लामिछानेले देशमा बिचौलियाको बिगबिगी रहेको बताउनुभयो। कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुअघि संसद्मै रहेकी शहीदकी आमालाई सम्झिन उहाँले आग्रह गर्नुभयो। 'देशमा बिचौलियागिरी बिगबिगी छ। तपाईंहरूलाई विचलित बनाउन,

» पृष्ठ २ मा क्रमशः

### ■ अनुशासनमा नरहे कारबाही गर्ने चेतावनी

सभापति लामिछानेले आफ्ना सांसदहरूलाई अनुशासनमा रहन निर्देशन दिनुभयो। सार्वजनिक अभिव्यक्ति दिँदासमेत ख्याल गर्न उहाँले आग्रह गर्नुभयो। अनुशासन उल्लंघन गरे कडा कारबाही गर्नेसमेत उहाँको चेतावनी थियो। 'यहाँ जथाभावी अभिव्यक्ति दिने, मनोरञ्जनको विषय बनाउने र हल्काफुल्का रूपमा प्रस्तुत हुने छुट कसैलाई पनि छैन। भोट दिएका जनताको शिर झुक्ने काम

» पृष्ठ २ मा क्रमशः

### ■ करार पत्रका अक्षर-अक्षर पढ्न आग्रह

पार्टीको करार पत्र सम्झिन लामिछानेले सांसदहरूलाई आग्रह गर्नुभयो। यसपटक परिवर्तन गरेरै छाड्ने भन्दै करारका अक्षर-अक्षर पढ्न उहाँले आग्रह गर्नुभयो। 'चुनाव त फेरि पनि आउँछ। त्यतिखेर हामीले भनेका छौँ, यसपटक हामीले इतिहास रच्ने कोसिस गरेका छौँ। हामीले नागरिकसँग करार गरेका छौँ। नागरिक हामीलाई भोट हाल्न तयार थिए, तर पनि हामीले

» पृष्ठ २ मा क्रमशः

### ■ मन्त्री बन्न 'मिडिया ट्रायल' नगर्न आग्रह

लामिछानेले मन्त्री बन्न 'मिडिया ट्रायल' नगर्न आग्रह गर्नुभयो। हरेक सांसदको विज्ञता पार्टीलाई जानकारी रहेको उहाँको भनाइ थियो। 'तपाईंहरूमध्ये कोही न कोही मन्त्रालय सम्हाल्ने साथीहरू हुनुहुन्छ। तर, कृपया 'मन्त्री बनाइदिनुस्' भनेर वा 'मिडिया ट्रायल' मा 'म फलानो मन्त्री'

» पृष्ठ २ मा क्रमशः

### ■ संविधानप्रति प्रतिबद्ध, पुराना दल र नेताको योगदानको कदर

लामिछानेले आफू लोकतान्त्रिक पद्धतिलाई विश्वास गर्ने भन्दै वर्तमान व्यवस्था र संविधानप्रति प्रतिबद्ध रहेको बताउनुभयो। शासकीय स्वरूपमा सामर्थ्य पुग्दा केही न केही सुधार चाहिएको भन्दै वर्तमान व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता कहिल्यै नडगमगाउने उहाँको भनाइ छ। 'म लोकतान्त्रिक पद्धतिलाई विश्वास गर्छु, वर्तमान व्यवस्था र संविधानप्रति प्रतिबद्ध छु।

» पृष्ठ २ मा क्रमशः

## चुनावी समीक्षामा कांग्रेस



फाइल तस्वीर

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, ४ चैत

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा नराम्रो धक्का खाएपछि नेपाली कांग्रेस चुनावको आन्तरिक समीक्षामा जुटेको छ। अघिल्लो चुनावमा पहिलो दल बनेको कांग्रेस अहिले नेतृत्व परिवर्तन गरेर चुनावी मैदानमा जाँदा पनि लज्जास्पद हार व्यहोरेपछि आन्तरिक समीक्षामा जुटेको हो। निर्वाचनमा कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी कुल ३८ सिट जितेको छ। सभापति गगनकुमार थापासहित निर्वाचनमा उठेका सबै पदाधिकारी पराजित भएका छन्। इतिहासमै सबैभन्दा कमजोर प्रतिपक्षीको रूपमा कांग्रेस संसद्मा उभिने निश्चित भएको छ। निर्वाचनमा नराम्ररी पराजित भएपछि कांग्रेसमा एक-अर्काप्रति दोषारोपणको शृंखला चलेको छ।

निर्वाचनको परिणामलाई लिएर विवाद चर्किंदै गएपछि हारको समीक्षा गर्न कांग्रेसले केन्द्रीय समिति बैठक बोलाएको छ। चुनावमा पराजयपछि कांग्रेसले पहिलोपटक केन्द्रीय कार्यसमितिको बैठक बोलाएको हो। चैत ६ गते शुक्रबार दिउँसो १ बजे केन्द्रीय कार्यालय सानेपामा बस्नेगरी केन्द्रीय समिति बैठक आह्वान भएको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभएको छ। केन्द्रीय समिति बैठकमा प्रदेश सभापतिहरूलाई पनि सहभागी हुन आह्वान गरिएको छ।

» पृष्ठ २ मा क्रमशः

### ■ नेताहरूबीच आरोप-प्रत्यारोप

प्रतिनिधिसभाको चुनावमा पराजयपछि कांग्रेसभित्र सभापति गगन थापा र पूर्वसभापति शेरबहादुर देउवा पक्षबीच आरोप-प्रत्यारोप चल्न थालेको छ। सभापति थापाकै हस्ताक्षरमा चुनाव लडेका देउवा पक्षका नेताहरूले अहिले थापालाई सभापति नै स्वीकार नगरेको बताउन थालेका छन्। देउवानिकट नेताहरू कृष्णप्रसाद सिटौला, जीतजंग बस्नेतदेखि मीनबहादुर विश्वकर्मालगायत नेताहरूले आफूहरूले विशेष महाधिवेशनलाई अहिलेसम्म स्वीकार नगरेको औपचारिक रूपमै अभिव्यक्ति सार्वजनिक गरिसकेका छन्। देउवानिकट नेता मीनबहादुर विश्वकर्माले गगन थापासँग चुनावमा सहकार्य मात्रै गरेको भन्दै विशेष महाधिवेशनलाई आफूहरूले नचिनेको दाबी गर्नुभएको छ।

» पृष्ठ २ मा क्रमशः

### ■ निवर्तमान संस्थापन पक्षलाई रोक्ने रणनीति

कांग्रेसमा विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको केन्द्रीय समितिले नियमित महाधिवेशन पक्षधर नेताहरूलाई समेटेर अगाडि नबढ्ने रणनीति बनाएको छ। विगतमा नअल्झेर भविष्यमा कसरी अगाडि बढ्ने भन्नेबारे रणनीति बनाउने संस्थापन पक्षको तयारी छ। पार्टी प्रवक्ता चालिसेले पुरानो बाटोमा अल्झिएर नयाँ बाटो तय नहुने जिकिर गर्दै भन्नुभयो, 'हामी विगतमा अल्झिएर नयाँ बाटो तय गर्न सक्दैनौँ। त्यसैले वैधानिकता पाएर अगाडि बढिसकेपछि पछाडि फर्कन हुन्न भन्ने धारणा हाम्रो छ। लोकतान्त्रिक प्रक्रियामा जाँदा कोही छुट्छ। कोही आउँछ।

» पृष्ठ २ मा क्रमशः

## बहुचर्चित युनिटी लाइफको फैसलाविरुद्ध सरकार पुनरावलोकनमा



**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, ४ चैत

बहुचर्चित युनिटी लाइफ इन्टरनेसनल लिमिटेड ठगी प्रकरणमा सर्वोच्च अदालतले गरेको फैसलाको एक अंश सच्याउन माग गर्दै नेपाल सरकारले पुनरावलोकन निवेदन दिएको छ। सर्वोच्च अदालतले उक्त मुद्दामा फैसला गरेको करिब आठ महिनापछि सरकारी वकिलको तर्फबाट पुनरावलोकनको निवेदन दर्ता गरिएको हो।

गत जेठ २ गते प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गरेको फैसलाको एक अंशले स्थापित कानुनी सिद्धान्त र नजिरसँग बाझिएको भन्दै त्यसलाई सच्याउन माग गरिएको छ। फैसलाको एउटा भागले आपराधिक लाभलाई वैधानिकता दिन खोजेकाले दूषित मनसाय देखिएको भन्दै न्यायिक पुनरावलोकनको बाटो अपनाइएको हो।

» पृष्ठ २ मा क्रमशः

### ■ रकम कम्पनीमै रहने निर्णयले ठगीबाट अनुचित लाभ हुने जिकिर

सरकारका अनुसार कम्पनीमा सदस्य बनेर रकम जम्मा गरेका तीन लाख ६२ हजार १९८ जना व्यक्तिहरूले निवेदन नदिएको तथ्य उल्लेख गरिएको छ। उनीहरूले दाबी नगरेको रकम कम्पनीमै रहने निर्णयले ठगीबाट प्राप्त सम्पत्तिमा कम्पनीलाई नै लाभ हुने अवस्था सिर्जना गर्ने तर्क निवेदनमा गरिएको छ। निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ (२) (ख) उल्लेख गर्दै सर्वोच्च अदालतको फैसला स्थापित कानुनी सिद्धान्त वा नजिरसँग बाझिएमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको जिकिर गरिएको छ।

» पृष्ठ २ मा क्रमशः

### ■ के हो युनिटी लाइफ विवाद ?

युनिटी सुरुमा २०६२ फागुन १७ मा इन्स्युरेन्स युनिटी लाइफ इन्टरनेसनलका नाममा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको थियो। त्यसपछि २०६४ सालको भदौमा नाम परिवर्तन गरी युनिटी लाइफ इन्स्युरेन्स बनाई बीमालगायत गैरकानुनी काम थालिएको थियो।

२०६७ फागुन २८ मा युनिटीविरुद्ध संगठित रूपमा ठगी गरेको भन्दै पीडितले ललितपुर जिल्ला अदालतमा ठगी मुद्दा दर्ता गरेका थिए। नेपालभित्र र बाहिर गरी युनिटीले तीन लाख ६८ हजार सात सय १० जनालाई सदस्य बनाएको अनुसन्धानमा भेटिएको थियो।

» पृष्ठ २ मा क्रमशः

## अन्तिम चरणमा नयाँ संसद् भवन

■ **पहिलो बैठक १५ गतेपछि**

■ **रास्वपा र नेकपा संसदीय दलको कार्यालय साटफेर**

**दिपिका न्यौपाने/हिटा**

काठमाडौं, ४ चैत



सिंहदरबारभित्र निर्माणाधीन संसद् भवनमा नवनिर्वाचित सांसदहरूको शपथग्रहणका लागि तयार गरिएको अस्थायी हल अन्तिम चरणमा।

नवनिर्वाचित सांसदहरूको शपथग्रहणका लागि सिंहदरबारभित्र अस्थायी नयाँ संसद् भवनको निर्माणाधीन तयारी अन्तिम चरणमा पुगेको छ। संघीय संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीका अनुसार, चैत १२ गते शपथग्रहण कार्यक्रम आयोजना गर्ने तयारी तीव्र रूपमा भइरहेको छ। 'नयाँ संसद् भवन अझै पूर्णरूपमा तयार नभएकाले अस्थायी हल बनाएर कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको हो। हलमा माइक, बत्ती र अन्य आवश्यक व्यवस्थापनका काम धमाधम भइरहेको छ', उहाँले भन्नुभयो। साथै उहाँले उक्त हल केही दिनभित्रै पूर्ण रूपमा तयार हुने अपेक्षा गरिएको बताउनुभयो।

सांसदहरूको शपथग्रहणको आवश्यकता 'जेन-जी' आन्दोलनको क्रममा पुरानो संसद् भवनमा भएको आगलागीपछि उत्पन्न वैकल्पिक स्थानको कमीका कारण परेको थियो। त्यसअनुसार, सिंहदरबारभित्र निर्माणाधीन बहुउद्देश्यीय हललाई अस्थायी रूपमा व्यवस्थापन गरी कार्यक्रमका लागि तयार पारिएको छ। 'जेन-जी' आन्दोलनका क्रममा पुरानो संसद् भवनमा आगलागी

» पृष्ठ २ मा क्रमशः

### ■ आज समानुपातिक सांसदलाई प्रमाणपत्र दिइँदै

निर्वाचन आयोगले समानुपातिक सांसदहरूलाई आज (बिहीबार) निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै छ। आयोगले सोमबार समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बन्ने ६ दलका ११० जनाको नाम सार्वजनिक गरेको थियो। आयोगका सचिव कृष्णबहादुर राउतले समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बनेकाहरूलाई प्रमाणपात्र प्रदान गर्ने कार्यक्रम रहेको जानकारी दिनुभएको छ। 'निर्वाचित भएका उम्मेदवारहरूलाई मिति २०८२ चैत ५ को बिहान ११:३० बजे आयोग परिसरबाट प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको छ। सबै ६ राजनीतिक दलहरूबाट निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्यज्यूहरूको सक्कल नागरिकताको प्रमाणपत्र/राष्ट्रिय

» पृष्ठ २ मा क्रमशः


हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी

टोकला चिया

## रंगीन पर्दाबाट राज्य सञ्चालनसम्म 'सेलिब्रेटी'



बालेन शाह | आशिका तामाङ | रीमा विश्वकर्मा | रमेश प्रसाईं | अनुष्का श्रेष्ठ | खुस्बु ओली

**गीता अधिकारी/हिटा**

काठमाडौं, ४ चैत

■ **प्रत्यक्षतर्फ चम्किएका अनुहार**

■ **समानुपातिकमा महिला उपस्थिति बलियो**

■ **नयाँ आयामको संकेत**

यसपटकको निर्वाचनमा कला क्षेत्रको उपस्थिति आकर्षक र अर्थपूर्ण बन्यो। रंगमञ्च, चलचित्र, संगीत र साहित्यका उज्याला अनुहारहरू सुशासन, समृद्धि र देश निर्माणको सशक्त सपना बोकेर जनताको बीचमा उत्रिए। उनीहरूको बोलीमा केवल नाराको गुञ्जन मात्र थिएन, बरु समाज परिवर्तनको गहिरो आकांक्षा, जनभावनाको स्पन्दन र जिम्मेवार भविष्यको प्रतिबद्धता मिसिएको थियो। तर, जनमतको कठोर परीक्षा सधैँझैँ सीमित रह्यो, धेरैले प्रयास गरे, केहीले मात्र सफलता चुमे। जित्नेहरूले संसद् यात्रा तय गर्दा, पराजितहरू पनि निराशामा हराएनन्, उनीहरू जनचर्चा, बहस र आशाको केन्द्र बनेरै रहे।

यसपटकको निर्वाचनले देखायो कि कला केवल मनोरञ्जनको

» पृष्ठ २ मा क्रमशः

क्षयरोगबाट बचौं र बचाऔं

- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रविको शान्त...

« पृष्ठ १ बाट क्रमशः

पहिलेभैँ तीखा टिप्पणी गर्नेभन्दा उहाँले अब विश्वास दिलाउने, सन्तुलित र संस्थागत अभिव्यक्ति दिनुभयो। निजी क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय र लगानीकर्ता समेतलाई आश्वस्त पार्ने उहाँको प्रयास थियो।

लामिछानेले आफ्ना सांसद र समर्थकलाई स्पष्ट सन्देश दिनुभयो- 'सत्ता उत्सव होइन, जिम्मेवारी हो।' सामाजिक सञ्जालमा देखिने आक्रामकता रोक्न, विपक्षीप्रति संयमित हुन र जनताको सेवकका रूपमा प्रस्तुत हुन उहाँले निर्देशन दिनुभयो। 'राइट टु रिकल' कडाइका साथ लागू गर्ने चेतावनी दिँदै उहाँले शक्ति दुरुपयोग नगर्न स्पष्ट सन्देश दिनुभयो। साथै, मन्त्री बन्ने दौडबाट टाढा र स्वार्थ समूहबाट सचेत रहन उहाँले आग्रह गर्नुभयो।

देशकेन्द्रित राजनीति गर्न, गुटबन्दी नगर्न, अनुशासन अनिवार्य पालना गर्न, सामाजिक सञ्जालमा जिम्मेवार अभिव्यक्ति दिन र कानुन निर्माणमा सक्रिय भूमिका निर्वाह गर्न उहाँले दिर्नेशन दिनुभयो। यसैगरी, जनताको विश्वासको कदर गर्न, राजनीतिलाई मनोरञ्जन वा हल्का रूपमा नलिन र शहीद र तिनका परिवारको बलिदान सम्झन आग्रह गर्नुभयो।

रास्वपाले आफ्ना नवनिर्वाचित सांसदहरूलाई दुईदिने अभिमुखीकरण गरेको हो। अभिमुखीकरणमा सांसदहरूलाई संसदीय अभ्यास, नीति निर्माण, संसद्को कार्यप्रणाली तथा जनप्रतिनिधिको जिम्मेवारी, पार्टीले अवलम्बन गर्नुपर्ने नीति लगायतबारे जानकारी गराएको रास्वपाले जनाएको छ। जनताको विश्वासलाई सार्थक बनाउँदै सांसदहरूलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउने उद्देश्यले कार्यक्रम तय गरिएको पार्टीले जनाएको छ। फागुन २१ गते सम्पन्न निर्वाचनमा रास्वपाले १८२ सिट प्राप्त गरेको छ, जुन दुई तिहाइभन्दा दुई सिट मात्रै कम हो।

## 'पुरानालाई जनताले...

« पृष्ठ १ बाट क्रमशः

'नागरिकले विवेकपूर्ण ढंगले मतदान गरे। नेपाली जनताले हामीलाई कुनै बहाना बनाउन नपाउने गरी दिल खोलेर स्पष्ट र लगभग दुई तिहाइको बहुमत दिएका छन्',' उहाँले भन्नुभयो, 'पुराना राजनीतिक दललाई नेपाली जनताले ३४-३५ वर्ष कुऱ्यो, तपाईं-हामीलाई ३६ महिना, ३६ दिन पनि कुर्नेवाला छैनन्। निर्धक्क हुनुहोला।'

स्वार्थ समूहबाट टाढा रहन कुनै गुट नबनाउन पनि उहाँले आग्रह गर्नुभयो। 'अब तपाईंहरूको दौड स्वार्थ समूहहरूको घरघरमा होइन।

गुट बनाएर कसैलाई जितिँदैन, कुनै गुट बनाउनु पर्दैन। म केन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हामी पुराना राजनीतिक दलका नेताहरूभन्दा पनि बद्तर सावित हुन्छौँ', उहाँले भन्नुभयो, 'जिम्मेवार भएर अभिव्यक्त हुन, सामाजिक सञ्जालहरूमा जिम्मेवार भएर प्रस्तुत हुन अनुरोध गर्दछु। यो रास्वपाले जितेको होइन, यो देशले जितेको हो।'

## बिचौलियाको बिगबिगीबाट...

« पृष्ठ १ बाट क्रमशः

प्रभावित बनाउन मान्छेहरू दौडन्छन्। यहाँ शहीदकी आमा छिन्, ध्यान दिनुहोला', उहाँले भन्नुभयो, 'कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा अगाडि, एक कप चिया खानु अगाडि शहीदकी आमालाई सम्झिनुहोला। आफ्नो छोरो चढाएर संसद् छिरेकी छिन् शहीदकी आमा। यो सामान्य कुरा होइन। अरूलाई दोष लगाएर- अर्काले फुटायो, अर्काले शक्ति गऱ्यो, विदेशीको चाल, उसको चाल, यसको चाल- यस्ता शब्दहरूलाई अब हामीले मेटाउनुपर्छ। यो कसैको चाल होइन, हामी मिल्न सकेनौँ भने, हामी स्वार्थको बन्दी बन्यौँ भने मात्रै समस्या पर्ने हो।'

## अनुशासनमा नरहे...

« पृष्ठ १ बाट क्रमशः

कसैको अभिव्यक्तिबाट, कुनै क्रियाकलापबाट हुनुहुँदैन। प्रत्येक भोटको इज्जत हुनुपर्छ', उहाँले भन्नुभयो, 'अब तपाईं हिजोको मान्छे होइन, अब जिम्मेवार सांसद हो, प्रतिनिधिसभाको सदस्य हो। त्यसकारण कसैलाई अझै पनि 'म अभियन्ता नै हुँ' जस्तो लाग्छ, हिजोको जस्तै जिम्मेवार नभएर अभिव्यक्ति दिन्छु भन्ने लाग्छ भने तपाईंहरू सांसदको भूमिकाबाट बाहिर जान सक्नुहुन्छ, केही पनि फरक पर्दैन। रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्नेछ।'

## करार पत्रका...

« पृष्ठ १ बाट क्रमशः

अतिरिक्त प्रतिबद्धता किन गऱ्यौँ भने हामी कमिटेड छौँ', उहाँले भन्नुभयो, 'यसपटक परिवर्तन गरेरै छाड्ने हो, यसपटक काँचुली फेरेरै छाड्ने हो भनेर हामीले नागरिकसँग करार गरेका छौँ। त्यो करारका अक्षर-अक्षर पढ्नुहोला।'

## मन्त्री बन्न...

« पृष्ठ १ बाट क्रमशः

भनेर नलाग्नुहोला,' उहाँले भन्नुभयो, 'क्याबिनेटमा को-कोलाई पठाउँछ भन्ने कुराको बारेमा हामीले निर्णय गरेका छैनौँ। पार्टीले गर्नेछ, हामीलाई थाहा छ। तपाईंहरूको विज्ञता थाहा छ। अलि बढी चर्चामा आएका र चर्चामा आउन नपाएका साथीहरू सबैलाई पार्टीले हेरेको छ। कैयौँ विषयका विज्ञ साथीहरू हुनुहुन्छ।'

## संविधानप्रति प्रतिबद्ध,...

« पृष्ठ १ बाट क्रमशः

शासकीय स्वरूपमा सामर्थ्य पुग्दा केही न केही सुधार चाहिएको छ भन्ने कुराको हामीलाई हेक्का छ', उहाँले भन्नुभयो, 'तर वर्तमान व्यवस्थाप्रति हाम्रो प्रतिबद्धता डगमगाएको छैन र डगमगाउनेवाला पनि छैन।'

उहाँले पुराना दल र तिनका नेताहरूको योगदानलाई नजरअन्दाज गर्न नमिल्ने बताउनुभयो। त्यसकारण विपक्षीप्रति कटाक्ष नगर्न उहाँले आग्रह गर्नुभयो। रास्वपा समर्थक प्रायः अराजक र असहिष्णु छन् भन्ने छवि बनेको भन्दै अब त्यसबाट बाहिर निस्कनुपर्ने बताउनुभयो। 'पुराना राजनीतिक दल र नेताहरूले त्याग र तपस्या गरेर आज हामीलाई यो दिन ल्याउनुभएको छ। उहाँहरूका कैयौँ बेथितिहरूप्रति हाम्रो प्रश्न हो, तर उहाँहरूले दिनुभएको योगदानलाई नजरअन्दाज गर्ने हक हामी कसैलाई पनि छैन। इतिहास तपाईंले लेख्नुभयो, भविष्य हामी बनाउँछौँ', उहाँले भन्नुभयो, 'हाम्रा अभिव्यक्तिहरूमा कुनै पनि राजनीतिक दल र विपक्षीहरूप्रति कटाक्ष भयो भने त्यो अनर्थ हुन जानेछ। विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, विजेता हुनुको अर्थ छाडा हुनु होइन। विजेता हुनुको अर्थ विपक्षीहरूलाई कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन। रास्वपालाई प्रायः अराजक छन्, समर्थकहरू असहिष्णु छन् भन्ने छवि बनेको छ। अब त्यसबाट बाहिर निस्कनुपर्छ।'

**आज वि.सं. २०८२ चैत ५ गते, बिहीबार, ई.स. २०२६ मार्च १९, तिथि- चैत्र कृष्णपक्ष औंशी, ७:०८ बजेपछि प्रतिपदा, उत्तरभाद्रपदा- नक्षत्र, शुक्ल- योग, नाग- करण, चन्द्रराशि- मीन, सूर्योदय- ६:११, सूर्यास्त- १८:१४**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आजको दिन आत्मनिरीक्षण र गम्भीर चिन्तनको लागि उपयुक्त छ। मानसिक शान्ति प्राप्त गर्न ध्यान वा योग अभ्यास गर्नु लाभदायी हुनेछ। गुप्त शत्रुहरू सक्रिय हुन सक्छन्, अतः सतर्क रहनु उचित हुनेछ। यात्रामा अवरोध आउन सक्छ।

वृष : सामाजिक वृत्तमा प्रतिष्ठा बढ्नेछ। साथीभाइ वा समूहसँगको सहकार्यबाट लाभ प्राप्त हुनेछ। प्रगतिशील सोचले नयाँ अवसरहरू ल्याउन सक्छ। परामर्शदाता वा गुरुजनको सल्लाहलाई मूल्य दिनु लाभदायक हुनेछ।

मिथुन : पेशागत क्षेत्र वा सार्वजनिक जीवनमा उन्नति हुने सम्भावना छ। उच्च पदाधिकारी वा वरिष्ठजनको समर्थन पाइनेछ। तपाईंको नेतृत्व क्षमता प्रशंसायोग्य बन्नेछ। मातापिताको स्वास्थ्यमा चिन्ता देखिन सक्छ, त्यसप्रति संवेदनशील रहनुहोला।

कर्कट : धार्मिक यात्रा, दर्शन वा उच्च शिक्षा सम्बन्धी योजना सफल हुने दिन हो। अध्यात्मिक कुरामा झुकाव बढ्नेछ। भाग्यबल प्रबल रहने हुँदा महत्वाकांक्षी योजनाहरू अघि बढाउन सकिन्छ। वैदेशिक क्षेत्रसँग जोडिएका कार्यहरूमा सफलता मिल्ने सम्भावना छ।

सिंह : साझेदारी वा उत्तराधिकार सम्बन्धी कार्यहरूमा स्पष्टता ल्याउनु आवश्यक छ। भावनात्मक रूपमा संवेदनशील समय हुनसक्छ, अतः निर्णय लिनुअघि मनलाई स्थिर राख्नु राम्रो हुनेछ। ऋण, कर वा गुप्त स्रोतहरूबाट लाभ हुनसक्छ।

कन्या : दाम्पत्य जीवन वा साझेदारसँगको सम्बन्धमा सुधार आउनेछ। लामो समयदेखि चलिरहेको मनमुटावको अन्त्य हुनेछ। व्यवसायमा नयाँ सहकार्य आरम्भ गर्न उपयुक्त समय हो। तर, अति भावुक निर्णयले हानी पुऱ्याउन सक्छ।

तुला : दैनिक कार्यहरूमा व्यवस्थित र अनुशासित बन्नुपर्ने समय हो। स्वास्थ्यप्रति ध्यान दिनु आवश्यक छ, विशेष गरी पेट वा स्नायुसम्बन्धी समस्या देखिन सक्छ। काममा आलस्य गरेमा अवसर छुट्न सक्छ।

वृश्चिक : सृजनशीलता, प्रेम र बालबालिकासँग सम्बन्धित कार्यमा प्रगति हुनेछ। अध्ययन वा प्रतियोगितात्मक क्षेत्रका लागि अनुकूल समय हो। प्रेम सम्बन्धमा नयाँ जीवनशैलीको सुरुवात हुनसक्छ।

धनु : गृहजीवनमा आत्मीयता बढ्नेछ। सम्पत्ति वा स्थायी सम्पर्क सम्बन्धी कार्यहरूमा सफलता मिल्ने सम्भावना छ। परिवारमा कुनै शुभ कार्यको चर्चा चल्न सक्छ। आन्तरिक शान्तिको अनुभूति हुनेछ।

मकर : छरछिमेक वा नजिकका आफन्तसँगको सम्बन्धमा सुधार आउनेछ। सञ्चार र विचार अभिव्यक्तिमा प्रभावकारिता रहनेछ। नयाँ योजना वा लेखन कार्यका लागि समय अनुकूल छ।

कुम्भ : आर्थिक दृष्टिले सन्तोषजनक दिन रहनेछ। व्यक्तिगत प्रतिभाबाट आय आर्जन गर्न सकिने सम्भावना छ। नयाँ आयस्रोतको पहिचान हुनेछ। भोजन वा परिवारिक रमाइलोमा समय बिताउन सकिनेछ।

मीन : भावनात्मक गहिराइ बढ्नेछ। आत्मविश्लेषण र आन्तरिक विकासको समय हो। व्यक्तिगत छवि सुधार गर्ने अवसर प्राप्त हुनेछ। आत्मबल र निर्णय क्षमतामा निखार आउनेछ। महत्त्वपूर्ण कार्यमा सुरुवात गर्नु आज फाइदाजनक हुनेछ।

## चुनावी समीक्षामा...

« पृष्ठ १ बाट क्रमशः

कार्यवाहक मुख्यसचिव दुलालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक २०८२ चैत ६ गते शुक्रबार दिनको १ बजे पार्टीको केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर ललितपुरमा बस्ने भएको छ। उक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य एवं प्रदेश सभापतिहरूको उपस्थितिका लागि निर्देशनअनुसार अनुरोध गरिन्छ।' बैठकमा चुनावी समीक्षालगायत विषयमा छलफल हुने बताइएको छ।

पार्टीका अधिकांश उम्मेदवारको पराजयपछि कांग्रेसमा सभापति गगन थापाको राजीनामा माग भइरहेको छ। सभापति थापा पक्षकै नेताहरूले समेत पदबाट राजीनामा दिएर नियमित महाधिवेशनको प्रक्रिया सुरु गर्न माग गरिरहेका छन्। उपसभापति विश्वप्रकाश शर्मासँगको भेटमा सभापति थापाले पदबाट राजीनामा दिने बताउनुभएको थियो।

तर, उपसभापति शर्माले भने राजीनामा नदिन सुझाव दिनुभएको छ। तत्कालीन संस्थापन पक्षका नेताहरू भने विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व लिनुभएका सभापति थापामाथि चुनावको पराजयलाई नै हतियार बनाएर घेराबन्दीको रणनीतिमा लागेका छन्। संस्थापन पक्षले चुनावमा धक्का खानुमा पूर्वसभापति देउवानिकट नेताहरूको असहयोगलाई पनि कारण मानेको छ।

तर, देउवानिकट नेताहरूले भने अझै गगन नेतृत्वको कार्यसमितिलाई स्वीकार गरेको छैन।

## नेताहरूबीच आरोप...

« पृष्ठ १ बाट क्रमशः

पार्टीमा अहिले दुईजना सभापति रहेको जिकिर गर्दै विश्वकर्माले भन्नुभयो, 'अहिले हाम्रो पार्टीमा दुईवटा सभापति हुनुहुन्छ। एउटा १४औँ महाधिवेशनबाट निर्वाचित, अर्को विशेष महाधिवेशनको नाममा घोषित। निर्वाचन त भएन, निर्वाचन भएको भए उहाँलाई निर्वाचित भन्न हुन्थ्यो। घोषित सभापतिले इमर्जेन्सी लागू गरेर चुनावमा जानुभयो। उहाँ आफैँले स्वयंलाई सभापति घोषणा गर्नुभयो।'

विश्वकर्माको अभिव्यक्तिप्रति संस्थापन पक्षका नेताहरूले आपत्ति जनाएका छन्। पार्टी प्रवक्ता देवराज चालिसे सडकमा बोलेका सबैको जवाफ दिँदै नहिँड्ने टिप्पणी गर्दै भन्नुभयो, 'सडकमा कसले के बोल्छ, कसैले पार्टी छोड्छ, कसैले के गर्छ, कोही राष्ट्रिय स्वतन्त्र पार्टीतिर गए, कोही के भन्छन्, कोही के भन्छन्। ती समग्र व्यक्ति-व्यक्तिले बोलेका कुरालाई टिप्पणी गर्न मिलेन, पार्टीको चल्ने आफ्नै पद्धति हुन्छन्। आफ्नै आफ्नै खालका परम्परा हुन्छन्, पद्धति हुन्छन्। त्यही पद्धतिअनुसार नै पार्टी चल्ने हो।' आफूहरू चुनावी समीक्षापछि नियमित महाधिवेशनमा जानेगरी तयारी गरिरहेको जानकारी दिँदै भन्नुभयो, 'अब नियमित महाधिवेशन गर्नुपर्छ भन्ने कुरा त पहिलेदेखि जगजाहेर छँदै छ। कहिलेसम्ममा गर्ने भन्ने औपचारिक छलफल सुरु भएको छैन। केन्द्रीय समितिको बैठकले निर्धारण गर्छ। निर्वाचनको समीक्षा हुन्छ। निर्वाचनको समीक्षापछि अब महाधिवेशनको बारेमा पनि छलफल सुरु हुन्छ।'

प्रवक्ता चालिसेले केन्द्रीय समितिले पार्टी पुनर्निर्माण गर्ने आफ्ना कार्ययोजना ल्याउने पनि जानकारी दिनुभयो। यसैबीच, कांग्रेस सभापति गगनकुमार थापा चुनावी जिल्ला सर्लाही जाने हुनुभएको छ। सभापति थापा गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभाको चुनावमा सर्लाही-४ मा राष्ट्रिय स्वतन्त्र पार्टीका अमरेशकुमार सिंहसँग पराजित हुनुभएको थियो। कार्यक्रमको तालिका भने तय नभएको थापाको सचिवालयको भनाइ छ।

## निवर्तमान संस्थापन...

« पृष्ठ १ बाट क्रमशः

त्यो स्वाभाविक हुन्छ। छुटेकाहरू निकट भविष्यमा हुने नियमित महाधिवेशनबाट पुनः नेतृत्वमा आउनुहुन्छ।'

गत पुस २७ देखि ३० गतेसम्म भएको विशेष महाधिवेशनमा २०७८ साल मंसिरमा भएको १४औँ महाधिवेशनबाट सभापतिमा निर्वाचित शेरबहादुर देउवा, नेता डा. शेखर कोइरालासहितका नेताले स्वीकारेका छैनन्।

उनीहरू पक्षका नेताहरू विशेष महाधिवेशनबाट आएको केन्द्रीय समितिमा समेटिएका छैनन्। निवर्तमान संस्थापन पक्षका नेताहरूलाई समेट्नेबारे चर्चा भइरहेको बेला प्रवक्ता चालिसेले १५औँ महाधिवेशनबाट जितेर आउन बाटो खुला रहेको बताउनुभएको हो। महाधिवेशन नस्वीकारेको भनिएकाहरू निर्वाचनमा विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वबाट टिकट लिएर निर्वाचन लडेपछि अब विवाद कायमै छ भन्नु उपयुक्त नभएको उहाँको तर्क छ।

## अन्तिम चरणमा...

« पृष्ठ १ बाट क्रमशः

भएपछि वैकल्पिक स्थानको आवश्यकता परेको हो। सोहीअनुसार सिंहदरबारमा निर्माणाधीन भवनभित्रको बहुउद्देश्यीय हललाई अस्थायी रूपमा व्यवस्थापन गरिएको छ। गत भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनमा संसद् भवनलगायत सिंहदरबार जलेको थियो। जसका कारण सिंहदरबारमा अस्थायी व्यवस्था गरिएको हो। अर्कोतिर सिंहदरबारमा निर्माणाधीन संसद् भवनको काम सकिएको छैन।

### पहिलो बैठक १५ गतेपछि

फागुन २१ गते निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभा सदस्यको शपथ चैत १२ गते र प्रतिनिधिसभाको पहिलो बैठक १५ गते राख्नेगरी संसद् सचिवालयले तयारी गरिरहेको छ। सचिवालयका सचिव डा. रोजनाथ पाण्डेका अनुसार निर्वाचन आयोगले आधिकारिक रूपमा निर्वाचनको परिणाम र सदस्यको विवरण बुझाएपछि सचिवालयले आफ्नो प्रक्रिया सुरु गर्ने भएको छ। निर्वाचन आयोगले आज (बिहीबार) राष्ट्रपतिसमक्ष निर्वाचन प्रतिवेदन प्रस्तुत गर्दै छ। सम्भवतः आयोगले संसद् सचिवालयलाई आज अर्थात् बिहीबार नै नवनिर्वाचित सदस्यको नामावली दिनेछ। त्यसपछि सचिवालयले ती सदस्यका नाममा शपथमा उपस्थित हुनका निम्ति सात दिने सूचना जारी गर्नेछ। त्यहीबीचमा शपथ समारोहमा उपस्थितिका निम्ति राष्ट्रपतिको समय माग गर्दै पत्राचार गरिने भएको छ। निर्वाचन आयोगले दिने नवनिर्वाचित सदस्यको विवरणअनुसार अर्को व्यवस्था नहुँदासम्मका लागि ज्येष्ठ सदस्यलाई सभामुख तोक्नुपर्ने कानुनी व्यवस्था छ। त्यसअनुसार राष्ट्रपतिले ज्येष्ठ सदस्यलाई अन्य सदस्यभन्दा पहिल्यै शपथ गराउनुपर्छ। यी सबै प्रक्रिया सिध्याएर सबै सांसदको शपथ गराउँदा कम्तीमा १२ गते पुग्ने अनुमान गरिएको डा. पाण्डेले बताउनुभयो। शपथलगत्तै राजनीति दलहरूले आ-आफ्ना संसदीय दलका नेता चयन गर्छन् र त्यसपछि राष्ट्रपतिबाट नयाँ सरकार गठनका निम्ति आह्वान हुनेछ। यदि १२-१३ गते सरकार गठन भए १५ गते प्रतिनिधिसाभाको पहिलो बैठक आह्वान गर्ने संसद् सचिवालयको तयारी छ।

### रास्वपा र नेकपा संसदीय दलको कार्यालय साटफेर

संसद् सचिवालयले राजनीतिक दलहरूका संसदीय दलको कार्यालय परिवर्तन गर्ने भएको छ। संसदीय अंकगणित फेरिएसँगै केही राजनीतिक दलको संसदीय दलको कार्यालयको स्थान फेरिने भएको हो। संघीय संसद् सचिवालयले हाल रहेकै कार्यालयहरूमध्ये बाटै संसदीय दलको कार्यालय व्यवस्थापन गर्ने तयारी गरेको छ। जसअन्तर्गत यसअघि नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले प्रयोग गर्दै आएको भवन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई दिने तयारी गरिएको छ।

यस्तै, प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा रास्वपाले प्रयोग गरेको संसदीय दलको कार्यालयमा भने नेपाली कम्युनिष्ट पार्टीसहितका अन्य साना दलहरूका लागि व्यवस्थापन गरिएको छ। जहाँ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र श्रम संस्कृति पार्टीका लागिसमेत संसदीय दलको कार्यालय व्यवस्थापन गरिएको छ। नेपाली कांग्रेस र नेकपा एमालेको हकमा भने पहिले जहाँ रहेको त्यहीँ नै व्यवस्थापन गर्ने तयारी छ। संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार भएकै कार्यालयहरूमा दलहरूको संसदीय दलको कार्यालय व्यवस्थापन गर्न लागिएको छ।

## बहुचर्चित युनिटी...

« पृष्ठ १ बाट क्रमशः

युनिटी लाइफ इन्टरनेसनलका संस्थापक तथा सम्बन्धित व्यक्तिहरूमाथि विभिन्न योजनाको नाममा सर्वसाधारणबाट रकम संकलन गरी ठगी गरेको आरोप लागेको यस मुद्दामा सर्वोच्चले आफ्नो रकम माग गर्न नआएका व्यक्तिहरूको रकम भने कम्पनीमै रहने व्याख्या गरेको थियो। उक्त व्याख्याले न्यायिक विचलन ल्याएको र फैसला कार्यान्वयनमा दुविधा सृजना गरेको भन्दै सरकारले सर्वोच्च अदालतसँग ठगीबाट संकलित रकम कम्पनीमै रहने भन्ने फैसलाको अंश बदर गरी, दाबी नआएको रकम राज्यकोषमा जम्मा हुने व्यवस्था गर्न माग गरेको छ।

## रकम कम्पनीमै...

« पृष्ठ १ बाट क्रमशः

त्यसैगरी, मुलुकी देवानी संहिता, २०७४ अनुसार 'गल्तीबाट फाइदा लिन नपाउने' तथा 'अनुचित समृद्धि प्राप्त गर्न नहुने' सिद्धान्तको उल्लंघन भएको पनि सरकारको दाबी छ। निवेदनमा भनिएको छ- ठगीबाट आर्जित सम्पत्ति अन्ततः कम्पनीकै नाममा रहने व्यवस्था भएमा अपराधबाट आर्थिक लाभ हुने अवस्था सिर्जना हुनसक्छ। यसले भविष्यमा आर्थिक अपराधलाई निरुत्साहित गर्ने राज्यको उद्देश्यलाई कमजोर बनाउन सक्नेतर्क पनि सरकारको निवेदनमा गरिएको छ।

उक्त निवेदनमा भारतको सर्वोच्च अदालतले 'सहारा इण्डिया रियल इस्टेट कर्पोरेसन बनाम सेबी' मुद्दामा गरेको निर्णयलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ। त्यस्तो अवस्थामा ठगीबाट संकलित रकमको वास्तविक हकदार सर्वसाधारण पीडित नै हुने तर्क गरिएको छ। नेपाल सरकारका तर्फबाट प्रहरी नायव निरीक्षक शैलेन्द्रकुमार खड्काले दायर गरेको पुनरावलोकन निवेदनमा उक्त विवादास्पद प्रावधानमाथि असहमति जनाउँदै उक्त व्यवस्था बदर गरी आवश्यक संशोधन गर्न माग गरिएको छ।

निवेदनमा मुलुकी देवानी संहिता, २०७४ को दफा ६६४ उल्लेख गर्दै कानुनविपरीत प्राप्त हुने लाभलाई 'अनुचित समृद्धि' मानिने कानुनी सिद्धान्त पनि स्मरण गराइएको छ। सरकारका अनुसार यदि सबै पीडित पहिचान हुन नसके वा निश्चित समयभित्र दाबी गर्न नआएमा बाँकी रकम राज्यकोषमा जम्मा गरिनुपर्ने व्यवस्था हुनुपर्छ। नेपाल सरकारले सर्वोच्च अदालतसँग ठगीबाट संकलित रकम कम्पनीमै रहने भन्ने फैसलाको अंश बदर गरी, दाबी नआएको रकम राज्यकोषमा जम्मा हुने व्यवस्था गर्न माग गरेको छ।

## के हो युनिटी...

« पृष्ठ १ बाट क्रमशः

तीमध्ये चार हजार एक सय ४४ जनाले युनिटीले नेटवर्किङका नाममा ठगी गरेको भन्दै उजुरी गरेका थिए। उजुरीपछि सरकारी वकिलले ११२ जनाविरुद्ध ठगी मुद्दा दायर गरेको थियो। त्यसपछि ८१ जना फरार थिए भने ३१ जनालाई अभियोगसँगै अदालतमा पेस गरिएको थियो।

युनिटीले सुनसरी, कास्की, बागलुङ, चितवन र रुपन्देहीमा शाखा कार्यालय नै खोलेर सर्वसाधारणसँग रकम उठाएको थियो। युनिटीले २२ वटा विभिन्न कम्पनी र संस्थामार्फत अस्पताल, सपिङ सेन्टर, ट्राभल्स, रियल स्टेट, डिपार्टमेन्टल स्टोर, विज्ञापन एजेन्सी, डेरी उद्योग, हाइड्रोपावर कम्पनी खडा गरेर लगानीका नाममा रकम संकलन गरेका थिए। कम्पनीले नेटवर्किङ व्यवसाय गरे पनि स्वीकृति नलिएको भेटिएको थियो। कम्पनीको महत्त्वपूर्ण पदमा केही रही ठेक्कापट्टा, जग्गा खरिदबिक्री जस्ता काम गरेको भेटिएको थियो।

आव २०६२/६३ देखि २०६६/६७ को अवधिमा तीन लाख ६८ हजार जनालाई सदस्य बनाएर युनिटीले तीन अर्ब ८३ करोड चार लाख रुपैयाँ उठाएको थियो। संकलित रकमबाट एक अर्ब ८३ करोड सात लाख ५० हजार रुपैयाँ कमिसन बाँडेको अनुसन्धानमा खुलेको थियो। सञ्चालकहरूले ३७ वटा संस्था दर्ता गरी लगानी गरेको भेटिएको थियो। अनुसन्धानका क्रममा युनिटीले एक अर्ब १५ करोड रुपैयाँ घरजग्गामा लगानी गरेको, ४१ करोड २८ लाख रुपैयाँ बैंक मौज्दात राखेको भेटिएको थियो। मुद्दा दर्ता हुनुअघि युनिटीका नाममा विभिन्न बैंकमा ४१ करोड २८ लाख सात सय ८३ रुपैयाँ मौज्दात थियो।

युनिटी लाइफ इन्टरनेसनलका सञ्चालकहरू काशीराम गुरुङ, भीमबहादुर गुरुङ, इन्द्रबहादुर विक, नेत्र राजवंशी, कृष्णबहादुर क्षेत्री, महेन्द्र केसी, विष्णुबहादुर क्षेत्री, लोकबहादुर टण्डनलगायत थिए।

**भ्याली भ्यू स्कुल लिमिटेड**
बानेश्वर, काठमाडौं

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०५

**आदरणीय शेयरधनी महानुभावहरु**

यस कम्पनीको मिति २०८२/१२/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयबमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल तथा निर्णय सहित पारित गर्नका लागि देहायबमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति : २०८२/१२/२८ गते (तदनुसार ११ अप्रिल २०२६), शनिबार
समय : दिउँसो २ बजे
स्थान : ग्लोबल कलेज, बानेश्वर, काठमाडौं।

**छलफलको विषयसूचीहरु :**

**क) सामान्य प्रस्ताव :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।

२) लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) आ.व. २०८१/०८२ सम्म सञ्चालक समितिले गरेको काम कारवाही अनुमोदन गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्ताव :**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भएबमोजिम आवश्यक संशोधन गर्ने। कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने।

२) अनुदान सम्बन्धी सर्वका सम्बन्धमा।

३) सञ्चालकको बैठक भत्ता तथा सुविधाको सम्बन्धमा।

**ग) विविध:** अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरू।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**सम्पर्क व्यक्ति :**
१. डा. सजेन्द्र प्रसाद ओझा, अध्यक्ष, मोबाइल नं. ९८५११००४५५
२. श्री रमेश दत्त पाण्डेय, कम्पनी सचिव मोबाइल नं.९८५११०८६३०

## रंगीन पर्दाबाट...

« पृष्ठ १ बाट क्रमशः

माध्यम होइन, यो समाज रूपान्तरणको शक्तिशाली आवाज पनि हो। यद्यपि, सबैको यात्रा संसद्सम्म पुग्न सकेन, तर उनीहरूले उठाएका मुद्दा, देखाएका सपना र सिर्जना गरेका तरंगहरू भने जनमानसमा दीर्घकालसम्म गुञ्जिरहनेछन्। उनीहरूको सहभागिताले नेपाली राजनीतिमा नयाँ आयाम थपेको विश्लेषण गरिएको छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी करिब १० जना चर्चित कलाकार संसद् प्रवेशको दौडमा देखिएका थिए। तर, अन्तिम परिणाम र सिफारिश प्रक्रियापछि ६ जना मात्र संघीय संसद्मा प्रवेश गर्ने निश्चित जस्तै देखिएको छ।

### प्रत्यक्षतर्फ चम्किएका अनुहार

प्रत्यक्ष निर्वाचनतर्फ ऱ्यापर तथा काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र (बालेन) शाह र अभिनेत्री तथा सामाजिक अभियन्ता आशिका तामाङ उल्लेखनीय रूपमा विजयी बन्नुभयो। झापा-५ बाट उम्मेदवार बन्नुभएका शाहले नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पराजित गर्दै संसद् यात्रा तय गर्नुभएको छ। स्वतन्त्र रूपमा काठमाडौं महानगरको मेयर जितेर चर्चामा आउनुभएका शाह यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उम्मेदवार बन्नुभएको थियो। उहाँको जितलाई युवा पुस्ताको राजनीतिक उदयको संकेतका रूपमा हेरिएको छ। रास्वपा शाहलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गर्दै चुनावमा होमिएको थियो।

त्यस्तै, धादिङ-१ बाट उम्मेदवार बन्नुभएकी अभिनेत्री आशिका तामाङले पनि उल्लेखनीय मतसहित विजय हासिल गर्नुभयो। सामाजिक अभियन्ताका रूपमा पहिचान बनाउनुभएकी तामाङले एमालेका भूमि त्रिपाठी र नेकपाका राजेन्द्र पाण्डेलाई पराजित गर्दै संसद् प्रवेश सुनिश्चित गर्नुभएको हो।

### समानुपातिकमा महिला उपस्थिति बलियो

समानुपातिक प्रणालीतर्फ रास्वपाले अभिनेत्री तथा कार्यक्रम प्रस्तोता रीमा विश्वकर्मा, गायक रमेश प्रसाईं र पूर्वमिस नेपाल अनुष्का श्रेष्ठलाई सांसदका रूपमा सिफारिश गरेको छ। विशेषगरी महिला प्रतिनिधित्व यसपटक उल्लेखनीय देखिएको छ। दलित महिला क्लस्टरबाट रीमा विश्वकर्मा र आदिवासी जनजाति महिला क्लस्टरबाट अनुष्का श्रेष्ठको सिफारिशले समावेशिताको सन्देश दिएको छ।

सन् २०१९ की मिस नेपाल अनुष्का श्रेष्ठले 'मिस वर्ल्ड' प्रतियोगितामा उत्कृष्ट १२ भित्र स्थान बनाउँदै 'ब्युटी विथ अ पर्पस' र 'मल्टिमिडिया' अवार्ड जित्नुभएको थियो। उहाँ हाल सफल उद्यमीका रूपमासमेत परिचित हुनुहुन्छ।

त्यस्तै, लोकदोहोरी गायन र सामाजिक सक्रियताबाट चर्चित रमेश प्रसाईं पनि संसद् प्रवेशको संघारमा हुनुहुन्छ। उहाँको स्पष्ट वक्तव्य शैली र सांगीतिक पहिचानले उहाँलाई लोकप्रिय बनाएको छ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मोडल तथा सन् २००६ की मिस टिन खुस्बु ओलीलाई समानुपातिक सांसदका रूपमा छनोट गरेको छ। झापा सुरुंगाकी ओली मोडलिङसँगै समाजसेवामा पनि सक्रिय रहँदै आउनुभएको छ।

बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय द्वन्द्व व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएकी उहाँले काठमाडौंको विशालनगरमा सेल्टर आश्रय स्थापना गरी सडक बालबालिकालाई आश्रय उपलब्ध गराउँदै आउनुभएको छ। उहाँले उल्लेखनीय सामाजिक कार्यका लागि सन् २०१८ मा एएफ्सी ड्रिम एसिया अवार्डअन्तर्गत १० हजार अमेरिकी डलरसहित प्रतिष्ठित सम्मान प्राप्त गर्नुभएको थियो।

### अवसर गुमाएका कलाकार

यसपटकको निर्वाचनमा केही चर्चित कलाकारहरू भने संसद् प्रवेश गर्न असफल भएका छन्। गायक तथा अभिनेता प्रकाश सपुत, अभिनेता तथा मोडल रूपक घिमिरे, तथा अभिनेत्री निशा अधिकारीले अपेक्षित सफलता प्राप्त गर्न सक्नुभएन। निशा अधिकारीले काठमाडौं-५ बाट उम्मेदवारी दिए पनि अत्यन्त न्यून मत प्राप्त गर्दै पराजित हुनुभयो। उहाँ अहिले पुनः आफ्नो चलचित्र करिअरमा सक्रिय बन्नुभएको छ। यसैगरी, नेकपा एमालेले गायिका कोमल वलीलाई समानुपातिक सूचीमा राखे पनि अन्ततः उहाँ सांसद छनोट हुन भने सक्नुभएन। त्यसैगरी, रास्वपाबाट समानुपातिक उम्मेदवार रहनुभएका पूर्वमिस्टर नेपाल तथा चिकित्सक रूपक घिमिरे पनि अन्तिम सूचीमा पर्नुभएन।

### नयाँ आयामको संकेत

कला, सौन्दर्य र मनोरञ्जन क्षेत्रबाट स्थापित व्यक्तित्वहरूको संसद् प्रवेशले नेपाली राजनीतिमा फरक दृश्य प्रस्तुत गरेको छ। विशेषगरी महिलाहरूको उल्लेखनीय उपस्थिति र युवापुस्ताको प्रतिनिधित्वले नीति निर्माणमा नयाँ ऊर्जा र दृष्टिकोण ल्याउने अपेक्षा गरिएको छ। विश्लेषकहरूका अनुसार, यी कलाकारहरूले सामाजिक न्याय, समावेशिता, सांस्कृतिक पहिचान र जनसरोकारका मुद्दाहरूलाई संसद्मा कसरी उठाउँछन् भन्ने विषय अब चासोको केन्द्र बन्नेछ।

## आज समानुपातिक...

« पृष्ठ १ बाट क्रमशः

परिचयपत्र र दुईप्रति पासपोर्ट साइजको फोटो मिति २०८२ चैत ३ गते कार्यालयसमयभित्र आयोगको सचिवालयमा रहेको समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु', विज्ञप्तिमा भनिएको छ। ११० सदस्यीय समानुपातिक सांसदमा रास्वपाले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले नौ, श्रम संस्कृति पार्टीले चार र राप्रपाले चार सिट जितेको छ।

# एयर डाइनेष्टीको हेलिकप्टर दुर्घटना



**चिसाङ शेर्पा/खोटाङ ।** खोटाङमा एयर डाइनेष्टीको हेलिकप्टर दुर्घटना भएको छ। केपिलासगढी गाउँपालिका-२ खार्तामछा बालाबेशीमा अवतरण गर्ने क्रममा बुधबार दिउँसो अनियन्त्रित भई हेलिकप्टर दुर्घटना भएको हो ।

काठमाडौंबाट चार्टड गरी स्थानीय बागमनि राईको घर मरिमराउमा आएको हेलिकप्टरमा चालकसहित ६ जना सवार थिए। हेलिकप्टर राईकै बारीमा दुर्घटना भएको हो। दुर्घटनामा ५० वर्षीय काजीबहादुर राई घाइते हुनुभएको छ। घाइते राईको खुट्टामा चोट लागेको छ। अन्य पाँच जना सकुशल छन् ।

घाइते र हेलिकप्टरका पाइलट सुजन थापालाई भने काठमाडौं लगिएको छ। दुर्घटनामा परेको हेलिकप्टरको पछाडिको भाग पूर्णरूपमा क्षति भएको छ भने अगाडिको सिसा फुटेको छ। काठमाडौंमा स्थानीय मनलसी राईको निधन भएको र पारिवारिक संस्कारका लागि श्रीमान्, छोरासहित चर्चका पास्टर हेलिकप्टरमा खोटाङ आएका थिए। मनलसीको शव भने बिहीबार ल्याउने तयारी रहेको बताइएको छ।

# जुम्लामा ३३० दशमलव २८ हेक्टरमा डढेलोबाट वन क्षति

**विजय रावत/जुम्ला ।** गत आर्थिक वर्ष जिल्लाभर ३३० दशमलव २८ हेक्टरमा डढेलोबाट वन क्षति भएको छ। डिभिजन वन कार्यालय जुम्लाका प्रमुख भरत बुद्ध थापाका अनुसार उक्त वर्षमा २९ स्थानमा वन डढेलो लागेको र अनुमानित वन क्षेत्र करिब ३३० दशमलव २८ हेक्टर जंगल डढेलोबाट क्षति भएको बताउनुभयो। यहाँका आठवटै स्थानीय तहका विभिन्न ६ वटा स्थानमा वन डढेलो लागेको छ। अनुमानित १०० हेक्टर क्षेत्रमा डढेलोबाट वन क्षति भएको डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बुद्धथापाको भनाइ छ। आयोजनामा भएको वन सुरक्षा समन्वय समिति तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रममा बोल्दै कार्यालय प्रमुखले वन डढेलो नियन्त्रणमा प्रभाकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता भन्ने मूल नारासहित जुम्लामा वन डढेलो नियन्त्रणसम्बन्धी साप्ताहिक कार्यक्रम चैत १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरिने डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बद्धथापाले जानकारी दिनुभयो।


## भाजुरत्न इन्जिनियरिंग एण्ड सेल्स लि.

ज्योति भवन, कान्तिपथ, काठमाण्डौ

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/१२/०३ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले यहाँको उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**बैठक बस्ने मिति, समय र स्थान**

मिति : २०८२/१२/२७
समय : विहान १०:१५ बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, ज्योति भवन, काठमाण्डौ ।

**छलफल तथा निर्णयको विषयहरु :**

क. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
ख. आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहित लेखा परीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।
ग. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
घ. विविध ।

संचालक समिति
**भाजुरत्न इन्जिनियरिंग एण्ड सेल्स लि.**



## LALJHADI RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

Shankharpur, Kanchanpur, Sudurpaschim Province Nepal

### INVITATION FOR ELECTRONIC BIDS

Date of First Publication:- 2082/12/03

1. Laljhadi Rural Municipality, Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur **[LRM]** invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (NRs., Exclusive of VAT, and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) |
|---|---|---|---|---|---|
| LAL/W/NCB/ 2082/083-07 | Upgradation of Dagajai Road to Dekhatbhuli Bridge Road and Mahabir Khalla to Khelmaidan Road. | 1,55,000.00 | 5,618,870.00 | 3000 | 90 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur or may visit www.laljhadirmnc.gov.np & PPMO's website www.bolpatra.gov.np.

*Chief Administrative Officer*



## गोलन्जोर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय

ग्वालटार , सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।०५)

प्रस्तुत विषयमा यस कार्यलयबाट आ.व. ०८२।०८३ वार्षिक वजेट अनुसार मिति २०८२।१०।०२ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक र PPMO e-GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम मु.अ. कर सहित |
|---|---|---|---|---|
| १ | GRM/SIN/GOODS/ NCB/11/082/083 | The Procurement Of Furniture And Decorative Items For Administrative Office Building | Aroma Enterprises, Kathmandu Metroplitian-32, Kathmandu | ८६,८४,५०२।०० |

प्रमुख प्रशासकिय अधिकृत



## नेपाल खानेपानी संस्थान
## शाखा कार्यालय मलंगवा, सर्लाही

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०५**

यस कार्यालय अन्तर्गत तपशिल अनुसार कार्यको लागि विद्युतिय बोलपत्र पेश गर्न २०८२/१०/२५ को मितिमा हिमालय टाईम दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको मितिमा ईजिपि मार्फत पेश भएको बोलपत्रहरु बोलपत्र आव्हान संबन्धित कागजात सार्वजनिक खरिद नियमावली (संसोधन सहित) २०६४ को नियम १४७ (१) अनुसार मुल्यांकन समितिले गरेको मुल्यांकन र सोको प्रतिवेदनका आधारमा निम्न बोलपत्रदाताको न्युन मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने तथा देहाय अनुसारको कबोल अंक राखी बोलपत्र पेश गर्ने बोलपत्रदाता र अन्य सरोकारवालाहरु समेतलाई जानकारीको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) मा ७ (सात) दिन भित्रि ऐ. ऐन दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लेखित खरिद प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| SN | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याटसहित) |
|---|---|---|---|---|
| 1 | NWSC-MLG-02-082-083 | PIPE LINE EXTENSION WORK IN DEMANDED AREA IN MALANGWA MUNICIPLITY-SARLAHI | RADHE KRISHNA NIRMAN SEWA. | ३४९९१९५।२९ |

कार्यालय प्रमुख



## आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०५)

बागमती प्रदेश रसुवा जिल्ला स्थित अपर त्रिशुली १ हाइड्रो पावर आयोजनाको लागि निम्न अनुसारको परामर्शदाताहरुको आवश्यक भएकाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र कम्पनिको निम्न अनुसारको ठेगानामा आइपुग्ने गरि आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| Position | Qualification | Required No | Experience |
|---|---|---|---|
| Senior Environmental Occupational Health and safety (OHS)Specialist/ Team Leader | Bachelor's degree in environmental engineering | 1 | More than 10 years |
| Senior Social Specialist | Master's and bachelor's degree in sociology | 1 | More than 10 years |

**Experience:** Working experience required in the construction field or Hydropower Development project.
**Special Qualification** : Fluency in English Language – Written and spoken
**Salary & Benefits** : Negotiable

**NWEDC: Nepal Water and Energy Development Company**
Email: admin@nwedc.com.np
LS Building 5th floor, Thapathali



## MANJUSHREE FINANCE LIMITED
## मञ्जुश्री फाईनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालय: बाघबजार, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०
फोन नं. ९७७-१-४१९०२४, फ्याक्स: ९७७-१-४२८२१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### धितोमा रहेको सम्पति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८२/१२/०५ गते**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय बाघबजार काठमाडौंमा ०८औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम** : बुढानीलकण्ठ नगरपालिका वडा नं. ११ को कार्यालय काठमाण्डौमा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम मिति २०७५/०४/२४ मा फर्म दर्ता नं. १५२ बाट दर्ता भै स्थायी लेखा नं. ६०८३३१५८२ भएको काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ रजिष्टर्ड ठेगाना भएको **श्री काठमाण्डौ इन्जिनेरीङ्ग वर्कशप ।**<br>**कर्जाको प्रकार : व्यवसाय कर्जा तथा कृष्णहरी खड्काको नाममा प्रवाह भएको आवास कर्जा र व्यक्तिगत आवधिक कर्जा** | **ऋणी /प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता: कृष्णहरी खड्का**<br>बाबु : टोप बहादुर खड्का<br>बाजे : पदम बहादुर खड्का<br>ना.प्र.नं.: ८०९३<br>जारी मिति : २०५३/१०/२९, जि.प्र.का.: काठमाण्डौ<br>ठेगाना : काठमाण्डौ जिल्ला बज्रयोगिनी गा.वि.स. वडा नं. ०७ हाल बुढानिलकण्ठ न.पा. वडा नं. ११ । |
| **व्यक्तिगत जमानिकर्ता: भोज कुमारी खत्री**<br>बाबु : रत्न बहादुर खत्री<br>पति : कृष्णहरी खड्का<br>ना.प्र.नं.: १२१०३३/२५९<br>जारी मिति : २०६८/०८/०६, जि.प्र.का.: ओखलढुङ्गा<br>ठेगाना : ओखलढुङ्गा जिल्ला रामनाडटार गा.वि.स. वडा नं. ०७ हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ । | **व्यक्तिगत जमानिकर्ता: करण खड्का**<br>बाबु : कृष्णहरी खड्का<br>बाजे : टोप बहादुर खड्का<br>ना.प्र.नं.:२७-०२-७६-०१०५६<br>जारी मिति : २०७६/०८/१८, जि.प्र.का.: काठमाण्डौ<br>ठेगाना : काठमाण्डौ जिल्ला शङ्खरापुर न.पा. वडा नं. ०८ हाल बुढानिलकण्ठ न.पा. वडा नं. ११ । |
| **धितो सुरक्षणमा रहेको सम्पतिको विवरण:**<br>**क) कृष्णहरी खड्काको** नाममा मा.पो.का. चाबहिल, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, कपन गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. १०२०९४८१७ स्थित कि.नं. ८८ र १२६ को क्षेत्रफल क्रमश ६३.६० व.मी. र १५.९० व.मी. को जग्गा तथा सो मे बनेको लिगलगायात समेत | |
| **२. ऋणीको नाम** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/११/२७ गते प्रा.फ.र.नं. ८१६६-०७०-०७१ भई स्थायी लेखा नं. ६०१९२५१२८ भएको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ७, शान्तिनगर स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री रियाको घाम पानी सोलार इलेक्ट्रीकल्स ।**<br>**(प्रोपाइटर : गणेश अधिकारी)**<br>**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा, व्यक्तिगत आवधिक कर्जा, बटो कर्जा** | **प्रोप्राइटर/ऋणी/व्यक्तिगत जमानिकर्ता : गणेश अधिकारी**<br>बाबु : ख्रिमलाल अधिकारी<br>बाजे : पूर्णभद्र अधिकारी<br>ना.प्र.नं. : ११९०१९, जारी मिति : २०६०/०५/१५<br>जि.प्र.का. : कास्की<br>ठेगाना : कास्की जिल्ला पोखरा गा.वि.स./उ.म.न.पा. वडा नं. ०७, को परिवर्तित कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०७ । |
| **व्यक्तिगत जमानिकर्ता : निलम खड्का अधिकारी**<br>बाबु : सुरेश खड्का<br>बाजे : गणेश अधिकारी<br>ना.प्र.नं. : ४६१००१/१६६३८<br>जारी मिति : २०६७/०१/०९, जि.प्र.का., कास्की<br>ठेगाना : कास्की जिल्ला पोखरा गा.वि.स./ उ.म.न.पा. वडा नं. ०७, को परिवर्तित कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०७ । | **व्यक्तिगत जमानिकर्ता : तारामाया अधिकारी**<br>बाबु : खडानन्द तिवारी<br>बाजे : ख्रिमलाल अधिकारी<br>ना.प्र.नं. : ४६१००१/१९५३९<br>जारी मिति : २०६९/०२/२८, जि.प्र.का., कास्की<br>ठेगाना : कास्की जिल्ला पोखरा गा.वि.स./उ.म.न.पा. वडा नं. ०७, को परिवर्तित कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०७ । |
| **धितो सुरक्षणमा रहेको सम्पतिको विवरण :**<br>**क)** श्री गणेश अधिकारीको नाममा मा.पो.का. रत्नपुरी कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ७ नक्सा सिट नं. ०९३०९१८२५ स्थित कि.न १७७ को क्षेत्रफल ०-०-०-० (३८०.४० व.मी.) को जग्गा तथा सो मे बनेको सम्पूर्ण लिगलगायात समेत ।<br>**(ख)** धनि मन्जुश्री फाइनान्स लिमिटेड र श्रीमि रियाको घाम पानी सोलार इलेक्ट्रीकल्स जनिइ यातायात व्यवस्था कार्यालय, पोखरामा दर्ता रहेको Nissan कम्पनीको सवारी मोडल : Micra Active XV, कम्पनिको इन्जिन नं. 796376D, च्यासिस नं. : DHFBUK13J3403254 र दर्ता नं. ग १९ प ७८९२ रहेको १ थान सवारी । | |

**शर्तहरु:**

1. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय बाघबजारबाट तथा शाखा कार्यालयहरुबाट रु. १००/- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
2. प्राप्त बोलपत्र फारममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
3. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय बाघबजारमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय बाघबजारमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
4. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय बाघबजारमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय बाघबजार, काठमाडौं
समय : दिउँसो ४:३० बजे, मिति: २०८२/१२/१३ गते

## सम्पादकीय

# अदालतको प्रशंसनीय फैसला

नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले भत्ता नपाउने निर्णय सर्वोच्च अदालतले गरेको छ। सर्वोच्च अदालतले यस्तो भत्ताको दाबीसहित केही व्यक्तिहरूले दायर गरेको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ। अब भने प्राज्ञहरूबाट लिइँदै आएको दोहोरो भत्तामा रोक लागेको छ। यसबाट राज्य कोषको दोहोरो दोहनमा अब रोक लाग्नेभएको छ। यसपूर्व विभिन्न निकायहरूबाट अवकाश प्राप्त भई निवृत्तिभरण पाउँदै आएका केही प्राज्ञहरूले प्रज्ञाप्रतिष्ठानबाट पनि दोहोरो भत्ता खाइरहेकोमा त्यस्ता व्यक्तिहरूलाई यसरी दोहोरो भत्ता दिनुहुँदैन भनी घनेन्द्र ओझाले २०७९ पुस २९ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। यसरी एकातिरबाट राज्यका तर्फबाट सुविधा लिनेहरूले अर्कोतिरबाट पनि दोहोरो भत्ता लिनुहुँदैन भनेर रिटमा भनिएको थियो।

ओझाको यस्तो दाबीको विरुद्धमा सोही सालको फागुन ११ गते सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरी उक्त भत्ताको सुविधा नरोक्नु भन्ने निर्देशन दिएको थियो। हाल सर्वोच्च अदालतले राज्यकोषको दोहन गरेर यसरी दोहोरो भत्ता लिन पाइँदैन भनेर रोक लगाएको छ जसले गर्दा अब प्रज्ञा प्रतिष्ठानको वार्षिक करोडभन्दा माथिको यस्तो रकम बचत हुने भएको छ। प्राडा.वासुदेव त्रिपाठीलगायत ११ जनाले आजीवन प्राज्ञहरूले यस्तो भत्ता पाउनुपर्छ भनेर दायर गरेको रिट निवेदन हाल सर्वोच्च अदालतले खारेज गरेको छ। यसरी दोहोरो भत्ता लिँदै आएका प्रज्ञाहरूले यसरी दायर गरेको रिट हाल अदालतले खारेज गरेपछि अब दोहोरो भत्ता रोकिने भएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र नृपध्वज निरौलाको संयुक्त इजलासले उत्त, रिट खारेज गर्ने फैसला सुनाएको हो। यसले गर्दा प्रज्ञा प्रतिष्ठानको निर्णयविरुद्ध जारी गरिएको अन्तरिम आदेश पानी निष्क्रिय भएको छ। रिट निवेदक घनेन्द्र ओझाका तर्फबाट यसरी दोहोरो भत्ता पाउनु हुँदैन भनेर सुरुमा रिट दायर गरिएको तर त्यस्ता प्राज्ञहरूले अदालतको अन्तरिम आदेश अनुसार दोहोरो भत्ता लिँदै आउनुभएकोमा हाल अदालतले दोहोरो भत्ता लिइरहेका प्राज्ञहरूका तर्फबाट दायर गरिएको रिट निवेदन खारेज गर्ने फैसला सुनाएपछि अब राज्यको रकममा भइरहेको दोहोरो दोहन जोगिएको छ। यसरी दोहोरो भत्ता खानु वास्तवमा राज्यका विरुद्धको अपराध पनि हो।

ठूलो तहकाहरूले झनै थिति बिगारिरहेका हुन्छन्। बरू सामान्य नागरिकहरूले राज्यविरुद्धका यस्ता अपराधबाट आफू जोगिने काम गरेको पाइन्छ। कतिपय वृद्धभत्ता पाउनेहरूले मासिक चार हजारको भत्ता र अर्कोतर्फबाट पेन्सन खाइरहेका व्यक्तिहरूले पेन्सनमात्र खाने अनि पेन्सन खाने व्यक्तिका विधवा पत्नीहरूले श्रीमान्को पेन्सनबाट पाउने आधा पैसामात्र खाएर वृद्ध भत्ता त्यागेको पनि समाजमा प्रशस्तै देखिन्छ। यतिमात्र होइन केही इमानदार नागरिकहरूले त म राज्यलाई बरू केही दिन चाहन्छु राज्यका तर्फबाट केही पनि लिन चाहन्न भनेर इमानदारिता देखाएको पाइन्छ। कतिपय व्यक्तिहरू यस्ता कार्यलाई समाजसेवा अथवा इमानदारिताका रूपमा लिइरहेका छन् र त्यो आफ्नो स्वभाव प्रदर्शन गरिरहेका छन् तर जसले ६०-७० हजार पेन्सन खान्छन् यस्ता निकायहरूबाट मासिक भत्ता लिने काम पनि तिनीहरूले नै गरिरहेका हुन्छन्।

यसलाई राज्यले जघन्य अपराधका रूपमा लिनैपर्ने थियो। अदालतले यही कुरा महसुस गरेर यस्तो निर्णय गरेको हुनसक्छ तर प्रश्न के हो भने यस्तो दोहोरो सुविधा नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यहरूले मात्र लिएका छैनन्, अन्यत्र पनि लिइरहेका अनेकौं उदाहरण छन्। अरू निकायहरूमा पनि यस्तै छ। सरकारी सेवा गरेर र विश्वविद्यालयहरूमा पढाएर सेवा निवृत्त भएका व्यक्तिहरूलाई विज्ञ मानेर विभिन्न ठाउँमा नियुक्ति गर्नेगरिन्छ। यसो गर्दा ती व्यक्तिहरूले दोहोरो सुविधा लिनेरहेका छन्। यसलाई रोक्न सरकारले प्रयास गर्नुपर्छ। यसो गर्नमात्र सक्ने हो भने पनि सरकारको वार्षिक करोडौं रुपैयाँ जोगिनेछ र त्यो राज्य कोषमा रहन पाउनेछ।

विभिन्न संघसंस्थामा नियुक्ति भएका व्यक्तिहरूले भत्ता लिनु हुँदैन भन्ने कुरा होइन तर तिनले तलबसरह मासिक भत्ता भने लिनु हुँदैन। यो उनीहरूको नैतिकता हो, जिम्मेवारी र दायित्व पनि हो। आफ्नो जिम्मेवारी, नैतिक दायित्व, राज्यप्रतिको आफ्नो कर्तव्यलाई भुलेर यसरी दोहोरो भत्ता नलिनु उहाँहरूको इमानदारिता हो। उहाँहरूले नै प्रतिबद्धता व्यक्त गर्नुपर्ने हो। अहिले कतिपय व्यक्तिहरूले मन्त्री बन्दा वा सांसद बन्दा म मन्त्रीको वा सांसदको भत्ता अथवा मासिक पारिश्रमिक लिन्न भनेर घोषणा गरिरहेको अवस्था छ। यसैगरी प्राज्ञहरू अरू सरकारी निकायहरूका बोर्ड मेम्बरहरूले पनि यस्तो इमानदारिता र नैतिकता देखाउन सक्नुपर्छ। तलबसरह मासिक भत्ता नलिई बैठक भत्ता भने लिन सक्नुहुनेछ।

त्यसोमात्र गर्ने हो भने उहाँहरूको लोभलालच देखिँदैन र इमानदारिता देखिन्छ। बैठकभत्ता भने उहाँहरूलाई दिनैपर्ने भत्ता हो तर बोर्ड मिटिङबाट निर्णय गरेर मासिक भत्ता लिनेगर्नु भनेको राज्यप्रतिको बेइमानी हो, इमानदारिता होइन। यस कुरालाई मनन गरेर इमानदारिता प्रदर्शन गर्न सक्नुभएको भए त्यो उचित हुनेथियो। यसरी दोहोरो भत्ता दिनुहुँदैन भनेर परेको रिटमाथि पनि अदालतले अन्तरिम आदेश जारी गर्नाले अरू थप दुई तीन वर्षको दोहोरो भत्ता उहाँहरूले लिसक्नुभएकै छ। त्यसमाथि झन् दोहोरो भत्ताकै दाबी गरेर राष्ट्रले चिनेका, मानेका, विश्वविद्यालयबाट अवकाश प्राप्त प्राध्यापक डाक्टरहरू प्रज्ञा प्रतिष्ठानमा छिरेपछि उहाँहरूले नै दोहोरो भत्ताको दाबी गर्दै रिट दायर गर्नु उचित हुँदै होइन।

तर, उहाँहरूले दायर गरेको रिट अदालतले खारेज गरिदिएर त्यस्ता प्राज्ञहरूले दोहोरो भत्ता अबदेखि नपाउने निर्णय जुन भएको छ त्यो अत्यन्त उचित छ। राज्य दोहनका यस्ता अनेकौं छिद्र छन्, जसलाई टाल्न र रोक्न राज्यले सकेको छैन। अदालतले गरेका यस्ता निर्णयहरू नेपाल प्रज्ञा प्रतिष्ठानमा मात्र होइन अरू ठाउँमा पनि यसैगरी निर्णय गराएर त्यस्तो दोहोरो सुविधालाई रोक्ने हो भने राज्यको ठूलो धनराशि जोगिनेछ। यसतर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउनै पर्छ।

# नेपाली कांग्रेस : गाँस्ने कि मास्ने ?

**यो मुलुकका हर्ताकर्ता हामी नै हौं भन्दै आएका नेकपा एमाले र पहिलेका माओवादी अहिलेका नेपाली कम्युनिष्ट पार्टीको त कुरै गर्न परेन। नेपाली कांग्रेसभन्दा पनि खुम्चिए। प्रचण्ड नेतृत्वको नेकपामा यो परिणामलाई लिएर तँ दोषी कि म दोषी भनेर आरोप प्रत्यारोप चलेको सुनिएको छैन तर नेकपा एमाले र नेपाली कांग्रेसमा भने गाइँगुइँ चलेको छ।**



प्राडा.शान्तिकृष्ण अधिकारी

फागुन २१ को निर्वाचनपछि झण्डै दुईतिहाइ सांसद् संख्याका साथ सत्तारुढ दल बनेको छ भने सांसद् संख्याको सात भागको एक भाग लिएर नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दल बन्दैछ। संख्याका हिसाबले प्रमुख प्रतिपक्षी दलकै कुनै उल्लेख्य हैसियत नै देखिन्न भने अन्य प्रतिपक्षी दलको त कुरै गर्न पर्दैन। सबै प्रतिपक्षीहरू एकै ठाउँमा उभिँदा पनि एकतिहाइमात्रै हुने भएकाले सत्तारुढ दलले जथाभावी गर्न खोजेमा नियन्त्रण गर्नसक्ने कुनै उपाय देखिन्न। यद्यपि नेपालको संविधान लोकतान्त्रिक भएकाले लोकतान्त्रिक व्यवस्थामा संख्याभन्दा पनि विचार, नीति र नैतिकताको प्राधान्य हुने भएकाले अबको प्रतिपक्षी भनेको नैतिक बलसहितको प्रतिपक्षी हुनुपर्दछ।

नैतिक बल त्यतिबेलामात्र प्राप्त हुनसक्दछ जतिबेला सबै कार्यकर्ताहरूको साथ नेतालाई मिल्दछ। नेता सबै दृष्टिले चरित्रवान्, इमानदार र जनताप्रति जवाफदेही हुने हो भने संख्या गौण हुनपुग्दछ। भारतमा अन्ना हजारेको आन्दोलन देखेकाहरूले उनको कुरा गरे पनि केही समय अघिसम्म नेपालमै डा.गोविन्द केसी एक्लैले सत्तालाई घुँडा टेकाएको सबैले देखेकै हो। त्यसैले संख्या सानो भयो भनेर एकआपसमै लड्दै अझ कमजोर हुनुभन्दा प्रतिपक्षीहरूले जनताप्रतिको इमानदारितालाई व्यवहारमा उतारे भने सत्तारुढ दल संख्याका हिसाबले जति नै शक्तिशाली भए पनि संविधानभन्दा बाहिर गएर सरकारले काम गर्न सक्दैन।

हुन त राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूको भाषण सुन्दा र वाचापत्र पढ्दा रास्वपा देश र जनताप्रति पूर्ण बफादार नै रहनेछ। चुनाव भर्खरै सकिएको छ र उसको सरकार गठन पनि भएको छैन भने यसैबेला उसमाथि अनेक शंका उपशंका गरेर विविध लख काट्नु मूर्खतामात्रै हुन्छ। भर्खरै जेन्जी आन्दोलन सबैले देखेका छन् र त्यसैको बलमा उदाएको पार्टीको सरकार अनुत्तरदायी होला भन्न पनि हुँदैन। तथापि मानवीय स्वभाव नै हो, शक्ति आर्जन गरेपछि केही अहंकार बढ्ने गर्दछ। रास्वपाका नेताहरूमा यस्तो प्रवृत्ति नउदाउला भन्न पनि सकिन्न र त्यतिबेला चाहिने भनेको सशक्त प्रतिपक्ष नै हो तर प्रतिपक्षी दलका नेताहरूको क्रियाकलाप हेर्दा दिक्क लाग्दो हुँदै गएको छ।

विसं २०७९ मा स्थापित राष्ट्रिय स्वतन्त्र पार्टी निकै ठूलो दल बन्यो भने यसअघिसम्म सबैभन्दा ठूलो राष्ट्रिय पार्टी नेपाली कांग्रेस साह्रै सानो हुनपुग्यो। यो मुलुकका हर्ताकर्ता हामी नै हौं भन्दै आएका नेकपा एमाले र पहिलेका माओवादी अहिलेका नेपाली कम्युनिष्ट पार्टीको त कुरै गर्न परेन। नेपाली कांग्रेसभन्दा पनि खुम्चिए। प्रचण्ड नेतृत्वको नेकपामा यो परिणामलाई लिएर तँ दोषी कि म दोषी भनेर आरोप प्रत्यारोप चलेको सुनिएको छैन तर नेकपा एमाले र नेपाली कांग्रेसमा भने गाइँगुइँ चलेको छ। कांग्रेसको सन्दर्भमा भन्नुपर्दा त वर्तमान नेतृत्वका विरुद्धमा विषवमनको बाढी नै आउन थालेको छ। सशक्त हुनुपर्ने प्रमुख प्रतिपक्षी दलभित्र आन्तरिक किचलो झिकेर झनै कमजोर बनाउने प्रयत्न भइरहेको छ र यस्तो क्रियाकलापमा अरू कोही नभई कांग्रेसकै नेताहरू लागेका छन्। यो भनेको मुलुककै लागि दुर्भाग्य हो।

कम्युनिष्ट पार्टीहरूमा यस्ता विवादहरू चले भने उनीहरूको सँगै बसेर काम गर्ने चलन छैन। सानो होस् या ठूलो पार्टी फुटाउने, आफैं नेता बन्ने, भोलि पार्टी चलाउन सकिएन भने पुनर्मिलन गर्ने र अर्को पार्टी गठन गर्न नसके एक्लै भए पनि पार्टी छाड्ने परम्परा देख्दै आइएको छ। नेपाली कांग्रेसको भने बेग्लै चरित्र देखिन्छ। पार्टी सदस्यले पार्टीको मूल नेतृत्वको खोइरो खनिरहेको हुन्छ, पार्टीकै विपक्षमा जति बोले पनि ऊ माथि कारबाही हुँदैन, जति असन्तुष्ट भए पनि पार्टी छाडेर जाँदैन र पार्टीलाई कमजोर तुल्याउने काम भने भइरहेकै हुन्छ। पार्टी फुटेको भनेको शेरबहादुर देउवाले एकपटक बिग्रह ल्याएको अवस्थालाई मानिन्छ भने अरू बेला चोइटिएका स-साना टुक्राहरूलाई फुटको संज्ञा दिने गरिएको छैन।

अहिले नेपाली कांग्रेसमा ठ्याक्कै त्यस्तै दृश्यहरू देखा पर्न थालेका छन्। पार्टी सभापति गगन थापा चुनावी परिणामको जिम्मा आफ्नै काँधमा लिएर राजीनामा दिने मनस्थिति बनाइरहेका छन् भने उनलाई पहिलेदेखि नै नरुचाएकाले नैतिकताका आधारमा भन्दै गगनको राजीनामा माग्न थालेका छन्। मात्र यति हो कि गगनमाथि विश्वास गर्नेहरूको संख्या ठूलो भएकाले र परिणामको उचित विश्लेषण गरेर पार्टीका पक्षमा बोल्नेहरूका कारण गगनको राजीनामा अड्किएको अवस्थामा छ। सतही विश्लेषणका आधारमा लहैलहैमा दोषको भारी बोकाउनेहरू पर्याप्त भएका भए कांग्रेस अहिले अर्कै मोडमा पुगिसकेको हुन्थ्यो।

पार्टी कमजोर भएका बेलामा पार्टीका सदस्यहरू झन् एकजुट हुनुपर्ने हो। सत्तारुढ दल अति शक्तिशाली भएका अवस्थामा प्रतिपक्षमा रहेको दल आफैंमा एकत्रित हुनु त एउटा पाटो हो अझ अन्य दलहरूलाई समेत सहमतिमा ल्याई सत्तारुढ दललाई स्वच्छन्द हुनबाट रोक्न तम्तयार हुन सक्नुपर्दछ। सत्तारुढ दलले मनोमानी गर्न खोज्दा उसलाई सही मार्गमा अग्रसर गराउने शक्ति प्रतिपक्षले सञ्चय गर्नुपर्नेमा उल्टै दशैं नै यही हो भने झैं गगनलाई सभापतिबाट हटाउने प्रयासहरू हुनुले कांग्रेसका लागि राम्रो संकेत गरेको छैन। खरानीको भागबण्डामा जोगीहरूले झगडा गरे झैं आफूलाई परिपक्व नेता भन्नेहरू मैदानमा उत्रिनुले उनीहरूलाई नै शोभा नदिएको बुझ्न सकेका छैनन् जस्तो लाग्छ।

**सरकारले सुशासनका पक्षमा काम गर्छ, भ्रष्टाचारका विरुद्धमा क्रियाशील रहन्छ, विकास निर्माणमा केन्द्रित हुन्छ, जनताले पाउनुपर्ने सेवाहरूलाई सहज बनाउने प्रयत्न गर्दछ, तबसम्म प्रतिपक्षी दलले सहयोग गर्नैपर्दछ। विगत केही वर्षदेखि संविधानमा रहेका केही धाराहरू अप्ठेरा रहेका सन्दर्भमा उठेका विषयलाई संविधान संशोधनको प्रस्ताव ल्याउँदा पनि सबैले साथ दिनै पर्दछ।**

नेपाली कांग्रेसमा अहिले दुईजना सभापति छन् भन्ने हिम्मत राख्ने नेताहरू देखा परिसकेका छन्। देउवाकै नेतृत्वमा चुनावमा गएको भए अहिलेको त कुरै छाडौं पहिलेको भन्दा पनि बढी राम्रो हैसियतमा कांग्रेस हुने थियो भन्नसक्नेहरू पनि देखिएका छन्। यस्ता कुराहरू सुन्नेहरूले यसलाई कति हास्यास्पद ठानेका छन् र उनीहरूलाई कुन कोटिको नेता मानेका छन्, त्यो उनीहरूले नै बुझ्न सक्नुपर्दछ। कत्ति पनि कुरा नबुझ्नेहरूले गगनले राजीनामा दिए भने पार्टीको अवस्था अझै कस्तो होला भन्नेतर्फ सोचेजस्तो पनि लाग्दैन। गगन रहेमात्रै नेपाली कांग्रेस रहन्छ भन्ने त किमार्थ होइन, गगन बिना पनि कांग्रेस अघि बढ्नसक्छ तर यस्ता बेमौसमी झैझगडा र बखेडाले भने भोलिको प्रमुख प्रतिपक्ष किमार्थ सबल हुन सक्दैन।

देउवा नेतृत्वमा रहँदा पनि एकपटक यस्तै हार कांग्रेसले बेहोरेको थियो। त्यतिबेला अहिलेको जस्तो प्रतिकूल वातावरण कांग्रेसलाई थिएन र पनि कांग्रेस साह्रै खुम्चिएको थियो। त्यतिबेला पनि नैतिकताको मूल्य खोजिएको थियो तर केन्द्रीय समितिमा रहेको बहुमतका बलमा नैतिकता भन्ने प्रश्नलाई हावामा उडाइएको थियो। अहिले त गगन आफैंले नैतिकताका प्रश्न उठाइरहेका छन् भने योभन्दा बढी नैतिकता खोज्नेतिरभन्दा पार्टीलाई सशक्त बनाउने उपायतिर लाग्नुपर्ने हो। नेपाली कांग्रेसमा अहिले झिकिएको यस्तो विवादले पार्टीको दुर्नियतिमा नै रमाउनेहरूको पंक्ति पार्टीभित्र दह्रै छ जस्तै देखिन्छ।

गगन र विश्वले पार्टीमा उभार ल्याए, कार्यकर्तामा उत्साहरू जगाए र चुनावमा यत्तिको भए पनि सफलता हासिल गरे भन्नेहरू एकातिर छन्। गगन-विश्व भनेको गुरुराज घिमिरे, प्रदीप पौडेल, देवराज चालिसे, टेकराज पौडेललगायत सबै यही नामभित्रै अटाएका छन्। देउवाको बहिर्गमन र आरजु भाउजूको नेतृत्व नपाउँदा पार्टी खुम्चियो भन्नेहरू अर्कातिर छन्। देउवा र आरजुभित्र पूर्णबहादुर खड्का वा रमेश लेखक वा प्रकाशशरण महत आदिहरू स्वतः पर्ने नै भए। देउवा, आरजु लगायतकाको नेतृत्वमा पार्टी चुनावमा गएको भए कांग्रेसको अवस्था हाइहाइमा हुने थियो भन्नेहरूलाई सामान्य मानिसले कसरी मूल्यांकन गरेका छन्, त्यो पत्ता लगाउने जिम्मेवारी उनीहरूकै हो।

गगन र विश्वले नेतृत्व सम्हालेकै कारण माटोमुनि पुग्ने पार्टी यत्तिको भयो भन्नेहरू कांग्रेसीमात्रै होइन अरू पनि भेटिन्छन्। माटोमुनि भनेको धर्तीमुनि नै भनेको हो कि हर्क साम्पाङको पार्टीभन्दा तलको हैसियतमा भनेका हुन् उनीहरू नै जानुन् तर कांग्रेसलाई यो अवस्थामा राख्न गगन र विश्वहरूले नै सके भन्न चाहिँ कोही हिच्किचाएको देखिन्न। यस्तो अवस्थामा पनि अनावश्यक विवाद खडा गरी झगडालाई उत्कर्षतिर डोऱ्याउने हो भने भोलिका दिनमा न कांग्रेसी नेता रहन्छन् न कांग्रेस पार्टी नै भन्ने हेक्का राख्न जरुरी छ। यस्तो अवस्था दुर्भाग्यवश आयो भने नेपालमा लोकतन्त्रका लागि निरन्तर खबरदारी गरिरहने शक्ति देख्न पाइँदैन।

अहिले कांग्रेस र एमालेका कतिपय नेताहरू करिब चालीस वर्षअघिको भारती कांग्रेस र भारतीय जनता पार्टीको उदाहरण दिएर चित्त बुझाउने प्रयास गर्दैछन्। त्यतिबेला राजीव गान्धीको कांग्रेसले करिब दुईतिहाइ सिट जितेको थियो भने भाजपाको दुई सिटमात्रै थियो तर अहिले त्यो अवस्था ठ्याक्कै उल्टिएको छ। यसबाट हिम्मत सँगालेर काममा जुट्नु त राम्रै हो तर त्यो उदाहरण दिएर पार्टीभित्रै एकले अर्कोको विशेषगरी पार्टी नेतृत्वको खुट्टा तान्न खोज्नुले भाजपाको कर्मतिर प्रवृत्त हुन खोजेका कसैगरी इंगित गर्दैन। भाजपाका सारा योजना बुन्ने, रणनीति बनाउने र पार्टीलाई सशक्त बनाउने माष्टर माइण्ड भनिने नेता मन्त्री पदमै चित्त बुझाएर बसेको कुरा पनि हेर्नुपर्दछ।

समयलाई स्वीकार गर्न सक्नैपर्दछ। अहिलेको आवश्यकता भनेको रास्वपालाई देश र जनताका पक्षमा केन्द्रित हुन सघाउनु प्रतिपक्षी दलको धर्म हो। जबसम्म सरकारले सुशासनका पक्षमा काम गर्छ, भ्रष्टाचारका विरुद्धमा क्रियाशील रहन्छ, विकास निर्माणमा केन्द्रित हुन्छ, जनताले पाउनुपर्ने सेवाहरूलाई सहज बनाउने प्रयत्न गर्दछ, तबसम्म प्रतिपक्षी दलले सहयोग गर्नैपर्दछ। विगत केही वर्षदेखि संविधानमा रहेका केही धाराहरू अप्ठेरा रहेका सन्दर्भमा उठेका विषयलाई संविधान संशोधनको प्रस्ताव ल्याउँदा पनि सबैले साथ दिनै पर्दछ। सरकार गलत बाटोमा नहिँड्दासम्म विरोधका नाममा विरोध गर्ने विगतकै जस्तो प्रवृत्ति देखियो भने प्रतिपक्षमा रहेका दलहरूले अर्को चुनावमा त्यो मौका पनि गुमाउन सक्दछन्।

यदि सरकार स्पष्ट बहुमतका नाममा स्वच्छन्द हुँदै गयो भने, संविधान, ऐन, कानुन र नियम विनियमलाई लत्याउँदै अघि बढ्यो भने, लोकतन्त्रका आधारभूत मान्यतामाथि खेलबाड गर्न थाल्यो भने, नागरिक सर्वोच्चता माथि हेलचक्र्याइँ गरियो भने सदन र सडक तताउनु प्रतिपक्षीहरूको धर्म नै हो। सरकारलाई कमजोर बनाउने नाममा विसं २०४८ ताका मदन भण्डारी नेतृत्वको नेकपा एमालेले कर्मचारी आन्दोलन गराए जस्तै आन्दोलन गर्ने र निजमती कर्मचारीहरूको समेत दलीय संगठन खोल्ने जस्तै अहिलेका प्रतिपक्षीहरूले कदम चाले भने अबका जनताले सहँदैनन् भन्नेमा प्रष्ट हुनुपर्दछ।

# बथानवाद र महावीर पुनको जित



चिरञ्जीवी शर्मा पौडेल

**महावीर पुनलाई जिताउनुको पछाडि उनी राम्रा, सुयोग्य छन् भन्ने हो। पुराना राजनीतिक शक्तिप्रतिको वितृष्णा हो, दुबै कोणबाट हेर्न जरुरी छ। दुबैखाले दृष्टिकोणको मिश्रण झल्किने गरेको छ। अब राजनीतिक दलहरूसँगको म्याग्देलीसँगको सम्बन्ध, उनीहरूले नागरिकको संवाहकका रूपमा गर्ने खाले कार्यक्रममा पक्कै शिथिलता सिर्जना हुनेछ।**

**पत्रकारबाट वा सामाजिक सञ्जाल प्रयोगकर्ताबाट प्रजातान्त्रिक हकको उपयोग भन्दै महावीरलाई 'सेलिब्रेटी' बनाइयो। दशकौं अघिबाट म्याग्दीलाई ताररहित सञ्जालयुक्त जिल्ला बनाउने अभियानमा लागेका महावीर स्वयंसेवी वैज्ञानिक हुन्। युवाहरूलाई सीपमूलक तालिम दिन्छन् भनेर विदेशबाट बोलाइएका यिनलाई जिताएर देखाइदिए।**

## विषय प्रवेश

राजनीतिलाई अविराम वा अविरल यात्रा नठान्ने तर बथानवादको पछि लाग्ने प्रवृत्तिले यसपालि सबैभन्दा बढी म्याग्दी जिल्लालाई रुमल्लियो। महात्मा गान्धीका अनुसार आठ ठूला महापापमध्येको पहिलो, सिद्धान्तविहीन राजनीति हो। जसको कुनै विचार छैन, दृष्टिकोण छैन, जिल्ला वा राष्ट्रका समस्याका बारेमा सैद्धान्तिक प्रष्टता छैन, त्यस्तो मानिसलाई चुनाव जिताएर म्याग्दीका जनताले भ्लादिमिर जेलेन्स्की बनाउने मिनिअभ्यास गरेको देखियो।

अर्धचेतनशील समाज विशेषगरी बथानवादको शिकार हुनेगरेको प्रष्ट देखियो। 'भोट दिए देऊ, नदिए नदेऊ' भन्दा पनि भोट हालौं-हालौं लाग्ने, सार्वजनिक सरोकारको पदमा बहाल हुन खोज्नेलाई सार्वजनिक सरोकारका प्रश्न सोध्नासाथ गलहत्याइहाल्ने, उम्मेदवारले चिनोस्-नचिनोस्, देखोस्-नदेखोस् मत दिन आतुर भइहाल्ने, भोट हाल्नेले जिल्लाका समस्याको बारेमा योजनासम्म सोध्नुनपर्ने तर जनताका मामुलीभन्दा मामुली, ठूला समस्या महावीर पुनले पूरा गरिदिइहाल्छन् भन्ने दिग्भ्रममा परेर वा 'ऊ पनि त्यतै, यो पनि त्यतै, म पनि त्यतै' भन्ने बथानवादको न्यूनतम सिद्धान्त वा मूल्यभित्र बसेर म्याग्देलीहरूले पुनलाई मत दिएको देखियो।

तँलाई मैले भोट मागिनथेँ र कुन्नि किन भोट हालिस् भन्ने जवाफ पाउन अब धेरै दिन छ जस्तो लाग्दैन। सँगसँगै कुनै आफ्ना वा समाजका समस्यालाई लिएर कसैले लगातार तीनवटामात्र फोन गर्नुपर्दछ, पुनजीलाई झोक चलेर फोन स्विच अफ गरेर गायब भएनछन् भने पनि मलाई भन्नुहोला। नेपाली समाजको सोच वा चरित्र वा हाम्रा सेवाप्रदायक संस्थाहरूको नियत, नियति कार्यशैलीसँग महावीरको तालमेल मिल्नेछैन। म्याग्देलीले महावीर भन्ने मान्छेलाई प्रत्यक्ष देखेर वा चिनेर मतदान गरे न महावीरले प्रत्येक गाउँबस्ती वा मतदाताका दैनन्दिन समस्यासँग कहिल्यै साक्षात्कार गरे वा जनताका समस्यालाई समाधान गर्ने कुनै प्रतिबद्धता घोषणापत्र नै प्रस्तुत गर्नसके।

२०४६ सालको परिवर्तनसम्म आइपुग्दा न्याय, नैतिकता, धर्म, इमानदारितामा अडेको म्याग्देली समाजलाई नेकपा एमाले नामको अत्यन्त उशृंखल, अनुशासनहीन गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका भरमा सञ्चालित समूहले घरजग्गा, सम्पत्ति, सर्वत्रबराबरको सपना देखाएर विखण्डनको बिउ रोपिदियो। २०५२ सालमा सुरु भएको माओवादी आतंकले घरजग्गा नहुनेलाई जग्गा, पोइ नहुनेलाई पोइ वा स्वास्नी नहुनेलाई स्वास्नी पनि रोजी छाँटी उपलब्ध गराइदिने तीव्र महत्त्वाकांक्षा बढाइदियो। राजनीति अक्सर एसएलसी फेल भएर अलपत्र परेका, अरबलगायत खाडी मुलुकमा गएर काम गर्न गाह्रो भएर फर्केका, साहुको ऋण तिर्ने उपाय नभएर समाजमा लुच्चा फटाह भनेर चिनिएका, स्वास्नीले नपत्याएका, अपहत्या, बलात्कार वा लुटपाटको आरोप लागेकाहरूको हातमा केन्द्रित हुनपुग्यो।

मानिस जो आफैंमा अनुशासनहीन, आपराधिक मनोवृत्तिबाट ग्रस्त छ, त्यही मानिसबाट हामीले मुलुकको अर्थनीति, शिक्षानीति, स्वास्थ्य नीति, सडकनीति, विद्युत नीति आदिमा आमूल परिवर्तन पाउने महत्त्वाकांक्षा पाल्यौं। नयाँको नाममा २०६४ सालमा त आपराधिक जमातलाई मतको वर्षा गऱ्यौं। वर्षौंसम्मको पर्खाइले आफूले पालेका महत्त्वाकांक्षामध्ये न्यूनतमभन्दा न्यूनतम आकांक्षा पूरा हुन नसकेपछि सिधा म्याग्देली समाज राजनीतिमा नगदानगद हातहातै पाउने अपेक्षाका लागि आतुर थियो। उक्त नगदानगद प्राप्तिमा अरूको भरोसा थिएन तर पुन संसारले मानेको, गरेको, पढेको लेखेको पक्कै हाते नगद ल्याइदिन्छन् भन्ने अपेक्षामा मतदान गरेको देखिन्छ। यो अपेक्षा पूरा नभएपछि महावीरजीलाई झोक चलेर सांसद पदबाटै राजीनामा गरेर कुलेलम ठोक्ने स्थिति नआओस् कामना गरौं।

मतदान गर्ने बेलासम्म त म्याग्देलीबाट महावीरजीलाई सर्वज्ञाता, सर्वरूपी, सर्वशक्तिमान, अलौकिक शक्तिका रूपमा 'मेनुप्लेट' गर्ने काम गरियो। बोली, हिँडाइ, उनले पानी खाएको, उनले लेखेको पुस्तक आदिलाई 'क्रिप्टेड' गरेर म्याग्देलीहरूका बीचमा प्रस्तुत गरियो। जुन रूपमा महावीर पुनलाई सामाजिक सञ्जाललाई राजनीतिमा धकेल्ने शक्तिले प्रस्तुत गऱ्यो तर वास्तवमा पुनको वास्तविक रूप खोक्रो, जनताको सोचभन्दा विल्कुलै फरक हुनसक्छ भन्नेमा एकछिन् विचार गर्ने सोच कोही म्याग्देलीमा देखिएन।

अँध्यारो कोठाभित्रबाट हुने उनका गतिविधि, अँध्यारो कोठाबाट उनलाई निर्देशन गर्नेहरूको वास्तविक रूप जनताले सोचेभन्दा फरक हुनसक्छ। रूप र वास्तविक रूपको पहिचान गर्न म्याग्देलीलाई अरू ६ महिना लाग्नेछ। जब वास्तविक रूप जनताले चिन्छन्-बुझ्छन् तब सोझा तर एकोहोरा म्याग्देलीले उनलाई नेता मान्न पक्कै अस्वीकार गर्नेछन्। त्यतिबेलै महावीरलाई झोक चल्नेछ र उनी सांसद पदको झन्झटबाट अलग्गिएर स्वतन्त्र रहने प्रयास गर्नेछन् र नतिजा सोहीनुरूप हुनेछ। एउटा अराजनीतिक मान्छे आफैंमा राजनीतिक नेता रहन सक्नेछैनन्।

पुनलाई जिताउनुको पछाडि सुयोग्य छन् भन्ने हो। पुराना राजनीतिक शक्तिप्रतिको वितृष्णा हो, दुबै कोणबाट हेर्न जरुरी छ। दलहरूसँगको म्याग्देलीसँगको सम्बन्ध, उनीहरूले नागरिकको संवाहकका रूपमा गर्ने खाले कार्यक्रममा शिथिलता सिर्जना हुनेछ। झोक चलेर चुनावमा आएका महावीरलाई सन्तानको रोजगारी वा जागिर, गाउँ समाजको



विकास, कानुनी झैझमेलाका कुरा राख्नै नसकिने, राखे पनि च्याँठ्ठिएको जवाफ पाइने, जनताको धेरै गुनासो आएपछि मोबाइल स्विच अफ गर्ने, पदै छाडेर भाग्ने स्थिति आइलाग्यो भने मत हाल्ने वा पाउने सबैले खुदोखाने दिन आउनेछ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन नामक विकास साझेदार कार्यक्रम र स्टेट पार्टनरसिप प्रोग्राम नामक सैनिक तालिम, सैन्य साझेदारी कार्यक्रममार्फत अमेरिकीहरूको प्रभावकारी उपस्थिति नेपालमा जनाउनुपूर्व सामाजिक सञ्जाललगायत हरेक युवा शक्तिको दिमागमा पुरानाले गरेनन् अब युवाको हातमा भन्ने दिग्भ्रम छरेर मुलुकलाई पश्चिमाहरूको अखडा बनाइँदैछ। त्यसैको सहयोगीका रूपमा जानीबुझी अध्ययन गरेर महावीरलाई म्याग्दी चुनावमा पठाइएको हो। यसका लागि पर्याप्त लगानी छ तर यहाँ देखाउँदा जनताबाट उठाएर चुनाव लडेको देखाइएको छ। गहिरिएर अध्ययन गर्ने जो कोही सचेत मतदाताले बुझ्नेकै विषय हो।

जिल्लामा पर्याप्त बजेट भित्रिने, हिमाली जिल्लाको सुविधा म्याग्दीले प्राप्त गर्ने, विकास र रोजगारी सँगसँगै अघि बढाउने, विदेशमा रहने प्रत्येक नेपालीलाई हाइड्रो वा कुनै योजनासँग जोड्ने काम जिल्लाका लागि महावीरले गर्नैपर्नेछ। देशमा सुशासनको संस्कार, संस्कृति बसाल्न, सेवा प्रवाह, शासकीय व्यवस्थापनमा रीति-थिति वा नीति स्थापित गर्न, विकास र समृद्धिको यात्रामा अघि बढाउन, अन्यौलपूर्ण शिक्षा नीतिलाई मुलुकको आवश्यकता अनुसार रूपान्तरण गर्न, हवाई यातायातमा सुधार गरेर युरोपियन युनियनले नेपाली हवाई यातायातमा कायम गरेको ब्ल्याकलिष्ट हटाएर पर्यटन प्रवर्द्धन गर्न, नेपाललाई आध्यात्मिक तथा भौगोलिक गन्तब्यका रूपमा स्थापित गर्न, कोरोला नाकालाई अनुकूलन हुनेगरी प्रयोगमा ल्याउन, वातावरण संरक्षण वा त्यसको लाभ नेपालले उठाउने गरी जिम्मेवारी पूरा गर्न महावीरको थाप्लोमा जिम्मेवारी थपिएको छ। यी जिम्मेवारी पूरा गर्न झोक चलाउन उहाँले पाउनुहुने छैन। पत्रकारबाट वा सामाजिक सञ्जाल प्रयोगकर्ताबाट प्रजातान्त्रिक हकको उपयोग भन्दै महावीरलाई 'सेलिब्रेटी' नै बनाइयो। दशकौं अघिबाट म्याग्दीलाई ताररहित सञ्जालयुक्त जिल्ला बनाउने अभियानमा लागेको महावीर स्वयंसेवी वैज्ञानिक हुन्। यिनले नेपाली युवाहरूलाई सीपमूलक तालिम दिन्छन् भनेर विदेशबाट बोलाइएका यिनलाई म्याग्देलीले जिताएर देखाइदिए।

अन्त्यमा, शुभकामनामात्र होइन, सहयोग पनि रहनेछ! समृद्ध म्याग्दीको चाहनालाई परिपूर्ति गर्ने नायकका रूपमा हेरिएको छ। तपाईं सदा नायक रहिरहनुहोस्, कहिल्यै खलनायक नहुनुहोस्, जिल्लाको स्वास्थ्य, शिक्षा, रोजगारीमा तपाईंलाई मतदाताले सहयोगीका रूपमा देख्न चाहेका छन्। सो कार्यमा सफलता मिलोस्, बढ्दो युवा बेरोजगारीका कारण लाखौं विदेशमा भौंतारिरहनु परेको छ, तिनीहरूलाई स्वदेशमै रोजगारी उपलब्ध हुनेगरी विभिन्न सीप एवं प्रविधियुक्त तालिम, व्यवसायको सुरुवात हुनेछ। म्याग्दीलाई हाइड्रो उत्पादनमा हिस्सेदार बनाउन जिल्लामा संघ, प्रदेशबाट पहिलाको भन्दा उल्लेखनीय रूपमा बजेट, कार्यक्रमहरूको प्रवाह हुन समग्रतामा म्याग्दी जिल्लावासीलाई सचेत, अनुशासित एवं मातृभूमिप्रति जिम्मेवार बन्न सफलता मिलोस्, एक सचेत मतदाताको हिसाबले पुनलाई सुझावसहितको शुभकामना!

(म्याग्दी निवासी पौडेल वरिष्ठ अधिवक्ता तथा गण्डकी प्रदेशका न्यायाधिवक्ता हुनुहुन्छ।)

कविता

# सृष्टिको मूहान



कृष्ण भुसाल

आमा !
मानव अन्तष्करणबाट
प्रादुभूर्त पहिलो उच्चारण
जसले
जिह्वालाई वाचाल बनायो
नीति र शास्त्र सिकायो
मनलाई अर्थ बुझायो
नेत्रलाई दीप्त गरायो
मांसपिण्डलाई जीवन्त बनायो ॥

आमा !
सृष्टिकी मूहान
जीवनको पहिलो अक्षर
मायाको पर्याय
जीउनुको सार
घाम चर्किँदा आकाशमा
बादल भएर फैलिने
हिउँदको कठ्याङ्ग्रोमा
प्रभाती किरण सदृश
सृष्टिको परबरिस गर्ने
निरन्तरताकी जननी
आमा नै तिमी हौ ?
सृष्टिकी कालिगढ ॥

आमा !
सन्ततिको लागि तिम्रो माया
बगिरहन्छ
स्नेहको सागर भएर
तिमीमा निहित धैर्यताको गहिराइ
अनन्त छ व्योम र धरती समान
जसले निरन्तरता दिन्छ
निशिमा शिखा भएर
हैमवतीझैँ निरन्तर बगिरहन्छ
पवित्र करुणाको प्रवाह भएर
आकाशजस्तै निर्मल भरोसा
यही त रहेछ आखिर
जीवन विस्तारको सार
त्यसैले परिभ्रम गर्दछ
तिम्रो दीक्षा
तीनै लोकमा
अमर अजर भएर ॥

आमा !
गर्भवासको मौन तपस्यामा
तिम्रो साससमा जीवन बाच्छ
तिम्रो स्पन्दनमा नयाँ प्राणी
बारबार स्पन्दित हुन्छ
तिमी सास बाढ्न सक्ने
एकमात्र साध्वी हौ आमा !
तिमी
पीडाको संसार भित्रबाट
सृष्टिको फूल निकाल्न सक्छ्यौ
जादुगरनीझैँ थरीथरीका
जीवनलाई आकृत गरी दिन्छ्यौ ॥

आमा जब
तिम्रो संयमताले
मांशपिण्ड शिशु बन्छ
अनि उसले धर्ती टेक्छ
तिमी उसलाई आफ्नो
अर्को संसार भन्न थाल्छ्यौ
त्यसैमा तिमी आफ्नो बिहान
त्यसमै तिमी आफ्नो भविष्य
त्यसैमा मायाको जालो बुन्न थाल्छ्यौ
तिमी आफैं मायामय बन्न सक्छ्यौ
आमा तिमी
सहिष्णुताकी प्रतिमूर्ति हौं
जब शिशु रून्छ
तिम्रो छातीमा ममतामा पैरो जान्छ
जब शिशु हाँस्छ
तिम्रो मुहारमा
सयौं सूर्योदयको आभा हुन्छ
अभावको निराहारमा
'मलाई त भोक छैन' भन्ने
त्यो मौन देवत्व केवल तिमीमा हुन्छ
आफ्नो आँसु निलेर
सन्तानको ओठमा मुस्कान टाँसिदिने
त्यागको अदृश्य शिल्प
मात्र आमाको साथमा हुन्छ ॥

सन्तानको गल्तीलाई
क्षमाको पर्दाले छोप्ने
असफलताको अन्धकारमा
आशाको दीप बाल्न सक्ने
निरासाको अन्धकारलाई
ढाडसको तापले सेक्ने
पहिलो माया पहिलो साथी
पहिलो गुरु, पहिलो पुस्तक,
सफलताकी पहिलो ताली
यो अन्य कोही हुनक्दैन
आमा !
मात्र तिमी हुनसक्छ्यौ खालि ॥

आमा, जन्मदै सन्ततिको
हृदयमा स्पन्दित हुन्छिन्
त्यसैले
शास्त्रले भन्यो- 'मातृदेवो भव'
आत्माबाट ईश्वर हराउँलान्
नमबाट शून्यता हराउँला
तर, सक्तैन हराउन सृष्टिपर्यन्त
स्पन्दनबाट आमाको छाया
चारधाम खोज्दै
विश्व प्रह्माण्ड चहार्नु पर्दैन
आमाको चरणमा पर्दा
तीर्थ आफैं सामने पर्छ।
देवी देवता मौन भए
आमाको काख आफैँ बोल्छ।

आमा !
संसारकै साझा शब्द
राख्दछ यसले असीम अर्थ।
उच्चारण गर्दा सम्मान,
सम्झिँदा न्यानोपन,
बिर्सिँदा आत्मग्लानि।
आमा केवल शब्द होइनन्,
जीवनको मूल मन्त्र हुन्।
आमा केवल सम्बन्ध होइनन्
हुन् अस्तिवकी खानी
संसारमा आमा हुँदासम्म
आकाश हुन्छ, भरोसा हुन्छ।
आमाको आशिर्वाद छ भने
भाग्यभन्दा अझ ठूलो
आमाको साथ हुन्छ।
संसारको सबैभन्दा मधुर ध्वनि
हृदयको पवित्र स्पन्दनको सार
प्रत्येकको सासमा बहने
जीवन निरन्तरताको बिम्ब
अनन्त, अमर प्रेमको प्रतीक
ॐ र आमा।

# तराईको समाज र संस्कृतिको प्रतिबिम्ब 'घुरको धुवाँ'को विराटनगरमा विमर्श

हिमालय टाइम्स

विराटनगर, ४ चैत

साहित्यकार तथा पत्रकार राजेश खनालद्वारा लिखित संस्मरणात्मक कृति 'घुरको धुवाँ'माथि विराटनगरमा साहित्यिक विमर्श कार्यक्रम सम्पन्न भएको छ। नेपाली लेखक संघ कोशी प्रदेशको आयोजनामा सम्पन्न कार्यक्रममा कृतिको विषयवस्तु, शैली तथा यसले उजागर गरेको तराईको सामाजिक यथार्थबारे विभिन्न साहित्यकार र समालोचकहरूले विस्तृत चर्चा गरेका थिए।

कार्यक्रमका प्रमुख वक्ता वरिष्ठ साहित्यकार तथा समालोचक गोपाल भण्डारीले 'घुरको धुवाँ'ले तराईको ग्रामीण जीवनलाई जीवन्त रूपमा प्रस्तुत गरेको टिप्पणी गर्नुभयो। उहाँले पुस्तकले गाउँको परिवेश, संस्कार, संघर्ष र मानिसबीचको आत्मीय सम्बन्धलाई प्रभावकारी ढंगले उजागर गरेको बताउनुभयो।

समालोचक भूषण ढुंगेलले लेखकले आफ्ना अनुभव र स्मृतिलाई कथात्मक शैलीमा प्रस्तुत गर्दै तराईको जनजीवनलाई सशक्त रूपमा चित्रण गरेको धारणा राख्नुभयो। उहाँले कृतिमा ग्रामीण जीवनका साना-साना घटनालाई समेट्दै व्यापक सामाजिक सन्दर्भसँग जोड्ने प्रयास गरिएको उल्लेख गर्नुभयो।



साहित्यकार निर्मला कोइरालाले 'घुरको धुवाँ' तराईको ग्रामीण समाज, संस्कृति र जीवनशैली बुझ्न चाहने पाठकका लागि महत्त्वपूर्ण कृति भएको बताउनुभयो। उनले पुस्तकले ग्रामीण परिवेशमा हुर्किएका मानिसहरूको संवेदना र संघर्षलाई सशक्त अभिव्यक्ति दिएको धारणा राख्नुभयो।

प्राध्यापक कविराज न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विराटनगर प्रज्ञा प्रतिष्ठानका अध्यक्ष तथा आयोजक समितिका सल्लाहकार विवश पोखरेल, नेपाली लेखक संघ कोशी प्रदेशका अध्यक्ष गोकुल अधिकारी र महासचिव मीनकुमार नवोदितलगायतले पनि कृतिको महत्त्वबारे आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।

वक्ताहरूले संस्मरणात्मक कृतिहरूले समाजको ऐतिहासिक स्मृति र सांस्कृतिक पहिचान संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै 'घुरको धुवाँ' त्यस्तै प्रकृतिको कृति भएको बताउनुभयो। उहाँहरूले पुस्तकले तराईको ग्रामीण समाजका सुख-दुःख, परम्परा, श्रम संस्कृति र जीवनसंघर्षलाई सजीव रूपमा प्रस्तुत गरेको धारणा राख्नुभएको थियो।

कार्यक्रममा लेखक खनालले पुस्तक लेख्नुको पृष्ठभूमि र प्रेरणाबारे प्रकाश पार्दै बाल्यकालीन स्मृति, गाउँघरको परिवेश तथा त्यहाँका मानिसहरूको जीवन अनुभवलाई संस्मरणका रूपमा उतारेको बताउनुभएको थियो। उहाँका अनुसार कृति व्यक्तिगत स्मृतिको संग्रहमात्र नभई तराईको सामाजिक र सांस्कृतिक परिवेशको झल्को दिने प्रयास हो।

कार्यक्रममा साहित्यकार, पत्रकार, अध्येता तथा साहित्यप्रेमीहरूको उल्लेख्य सहभागिता थियो। सहभागीहरूले कृतिले तराईको जनजीवनलाई साहित्यिक अभिव्यक्तिमा रूपान्तरण गर्दै समकालीन नेपाली साहित्यमा नयाँ आयाम थपेको बताएका थिए।

# लागूऔषधसहित सात जना पक्राउ

**झापा।** लागूऔषध खैरो हेरोइनसहित सात जना पक्राउ परेका छन्। झापाको भद्रपुर नगरपालिकाका दुई स्थानबाट उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार, भद्रपुर-६ स्थित श्रवण यादवको घरमा मंगलबार राती खानतलासी गर्दा खैरो हेरोइन बरामद भएको थियो। लागूऔषध कारोबारमा संलग्न भएको अभियोगमा सो घरबाट तीन जना पक्राउ परेका छन्।

यसैगरी, भद्रपुर बसपार्कबाट चार जनालाई खैरो हेरोइनसहित नियन्त्रणमा लिइएको हो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# विपुल पोखरेलको लेखसंग्रह 'संकल्पन' लोकार्पण




हिमालय टाइम्स

काठमाडौं, ४ चैत

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित 'संकल्पन' पुस्तक लोकार्पण गरिएको छ। काठमाडौंमा आयोजित एक विशेष कार्यक्रमबीच पूर्वराष्ट्रपति डा.रामवरण यादवको प्रमुख आतिथ्यमा उक्त पुस्तकको लोकार्पण गरिएको हो।

कार्यक्रममा बोल्दै पूर्वराष्ट्रपति यादवले पछिल्लो समय देखिएको 'जेन-जी' युवाको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबै पक्षले स्वीकार गर्नुपर्ने बताउनुभयो। उहाँले हालै सम्पन्न निर्वाचनबाट प्राप्त जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र संघीयता सुदृढ गर्न प्रयोग गर्नुपर्ने उल्लेख गर्नुभयो।

विसं २०१५ सालको निर्वाचन स्मरण गर्दै उहाँले नेपाली कांग्रेसले दुईतिहाइ बहुमत ल्याई बीपी कोइराला प्रधानमन्त्री बनेको उदाहरण प्रस्तुत गर्नुभयो। नेपाली कांग्रेसका नेता डा.मीनेन्द्र रिजालले २०७४ यतादेखि मुलुकमा 'कारोबारी राजनीति' र गठबन्धनको प्रवृत्ति बढेको उल्लेख गर्दै पछिल्लो जनमतले त्यसमा रोक लगाएको बताउनुभयो। उहाँले विगतका कमजोरी नदोहोर्‍याई मुलुकलाई सही दिशामा अघि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले पुस्तकले अखबारी लेखनमार्फत विचार निर्माण गर्न सकिने पक्षलाई उजागर गरेको बताउनुभयो। उहाँका अनुसार पुस्तकमा लोकतन्त्र, मिडिया, राजनीतिक तथा सामाजिक सिद्धान्त र विसं २०७२ सालको संविधानका विषय समेटिएका छन्।

पत्रकार बबिता बस्नेतले 'संकल्पन'लाई लेखसंग्रहमात्र नभई समयको दस्तावेजका रूपमा व्याख्या गर्नुभयो। उहाँले पुस्तकमा युवाको भावना र लोकतन्त्र सुदृढीकरणबारे दूरदृष्टि प्रस्तुत गरिएको उल्लेख गर्नुभयो।

लेखक पोखरेलले समकालीन राजनीति, समाज, लोकतन्त्र, विचार र पत्रकारिताका विषयमा आफ्ना अनुभव र दृष्टिकोणलाई पुस्तकमा समेटिएको जानकारी दिनुभयो। उक्त पुस्तक गोरक्ष राष्ट्रिय दैनिकले प्रकाशन गरेको हो।

**Arjundhara Municipality**
**Office of Municipal Executive**
Shanischare, Jhapa
Koshi Province, Nepal

**Invitation for Sealed Quotation**

**Date of Publication:-2082-12-05**

**Arjundhara Municipality** invites Hard Copy bids from Nepalese eligible bidders for the **Purchase, Supply and Installation of Electric Motor** under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation forms from **Arjundhara Municipality**.

| S. n. | Invitation for Bids No: | Last Date of Bid Submissions | Date of Opening | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 10/AM/GOODS/SQ/082/083 | 2082-12-20 12:00 | 2082-12-20 2:00 | 1000.00 | 50595.00 |

**अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सूचना**

यस कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि. न. | मालवस्तुको विवरण | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक | इकाइ | प्रति इकाइ मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MOTORCYCLE | CROSSFIRE | CROSSFIRE RMZ 250 | 248.4 CC | CHINA | 1 | 8,59,000.00 | 8,59,000.00 |
| 2 | EV SCOOTER | GAROW | DT 53 | 3000 W | CHINA | 1 | 3,85,000.00 | 3,85,000.00 |
| 3 | MOTORCYCLE | LETBE | FLYGON 220 – STREET | 220 CC | CHINA | 1 | 5,45,000.00 | 5,45,000.00 |
| 4 | MOTORCYCLE | LETBE | FLYGON 220 – OFF ROAD | 220 CC | CHINA | 1 | 5,70,000.00 | 5,70,000.00 |

विक्रेता फर्मको नाम: क्लासिक ह्विल्स एक्स्पोर्ट एण्ड इम्पोर्ट प्रा.लि. — एक्जीम कोड न. ६०३४९४९५००११९NP
ठेगाना : चक्रपथ, महाराजगंज, काठमाण्डौ, नेपाल — फोन न. ०१-४०१६०६२

नेपाल सरकार
**उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय**
**जलश्रोत तथा सिंचाइ विभाग**
**सुनसरी मोरङ सिंचाइ आयोजना, विराटनगर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२।१२।०५**

यस आयोजनाबाट मिति २०८२।०९।२९ को राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेबसाईट **www.bolpatra.gov.np/egp** मा प्रकाशित विद्युतिय बोलपत्र आव्हानको सुचना अनुसार दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताहरुबाट पेश भएका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही एवम् न्यूनतम मुल्याङ्कित रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|
| SMIP/NCB-03/082-83 | Dahal Constuction, Biratnagar-18, Morang | 1,18,30,260.09 |
| SMIP/NCB-04/082-83 | Kavyasamrachana Construction and suppliers Pvt.Ltd, Koshi -7, Sunsari | 65,96,878.94 |
| SMIP/NCB-06/082-83 | Ankit Pratik Construction and Suppliers, Ramdhuni-9, Sunsari | 42,75,603.53 |
| SMIP/NCB-07/082-83 | Safaj Nirman Sewa, Inaruwa Sunsari. | 44,38,343.88 |
| SMIP/NCB-08/082-83 | Gopal Nirman Sewa, Gadhi-3, Sunsari | 87,70,805.96 |
| SMIP/NCB-09/082-83 | Gopal Nirman Sewa, Gadhi-3, Sunsari | 29,20,988.19 |
| SMIP/NCB-10/082-83 | G.R-Kashu JV, Kadam Chowk-6, Morang | 43,63,403.94 |
| SMIP/NCB-11/082-83 | G.R-Kashu JV, Kadam Chowk-6, Morang | 48,56,564.13 |
| SMIP/NCB-12/082-83 | Dahal Constuction, Biratnagar-18, Morang | 69,95,314.22 |
| SMIP/NCB-13/082-83 | Pabitra Construction, Biratnagar-8, Morang | 78,81,325.25 |
| SMIP/NCB-14/082-83 | Maha Saraswati Nirman Sewa, Biratnagar-4, Morang | 56,05,365.93 |
| SMIP/NCB-15/082-83 | Bhaskar Construction and Suppliers Pvt. Ltd., Belbari-11, Morang. | 60,35,558.82 |
| SMIP/NCB-16/082-83 | Maha Saraswati Nirman Sewa, Biratnagar-4, Morang | 86,34,897.92 |

**आयोजना प्रमुख**

**सच्चाइएको सम्बन्धमा**

**सिमकोट गाउँपालिका** अन्तरगत सबैका लागि **दिगो खानेपानी तथा स्वच्छता आयोजनाको सहयोगमा संचालित खानेपानी योजना**को सिलबन्दी दरभाउपत्र आव्हानको सूचना मिति २०८२/१२/०४ गते हुनुपर्नेमा २०८२/१२/०३ गते हुन गएको र दोजाम खानेपानी तथा सरसफाइ योजना हुनुपर्नेमा खोजाम भएको र बैंक खाता नं. रा.बा.बैंकको ४११०१०००१०६५५००१ सच्याइएको जानकारी गराइन्छ।

